# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ७८ | काठमाडौं | मंगलबार, २५ असार २०८१ | Prabhab National Daily | Tuesday, July 09, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


सन्दर्भः वैदेशिक रोजगार

'फ्रि भिसा, फ्रि टिकट' प्रकरण

## १४ म्यानपावरले मात्रै बुझाए विवरण

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार विभागले 'फ्रि भिसा, फ्रि टिकट'मार्फत रोजगारीका लागि विदेश गएका नेपाली श्रमिकको विवरण माग गरेको एक हप्तामा १४ वटा म्यानपावर कम्पनीले मात्रै विवरण बुझाएका छन् । सोमबारसम्म १४ वटा म्यानपावरले फ्रि भिसा, फ्रि टिकट तथा शून्य लागतमा नेपाली श्रमिकलाई विदेश पठाएको विवरण उपलब्ध गराएको विभागले जनाएको छ ।




विभागले सोमबार एक विज्ञप्ति जारी गर्दै माग गरेबमोजिम फ्रि भिसा, फ्रि टिकट तथा शून्य लागतमा नेपाली श्रमिकलाई विदेश पठाउने म्यानपावरहरूको प्राप्त नामावली सार्वजनिक गरेको छ । यसअघि विभागले असार १७ गते एक सूचना जारी गर्दै १५ दिन भित्र फ्रि भिसा, फ्रि टिकट तथा शून्य लागतमा विदेश कामदार पठाउने म्यानपावरलाई विवरण बुझाउन निर्देशन दिएको थियो । विभागले फ्रि भिसा, फ्रि टिकट तथा शून्य लागतमा श्रमिक विदेश गए, नगएको यकीन गर्न श्रमिकको नेपाल हुँदाको मोबाइल नम्बरसमेत माग गरेको छ ।

विभागको निर्देशनअनुरूप गुड एलायन्स ओभरसिज, एफएसआई वर्ल्डवाइड नेपाल, ब्रोडलिंक ओभरसिज, सोलो एसिया रिक्रुटमेन्ट, वाइज इन्टरनेसनल नेपाल, मित्र ओभरसिज, सुनकोशी म्यानपावर सर्भिसेज, नवजीवन इन्टरनेसनल, स्टेभेन्द गोर्खा ओभरसिज सर्भिसेज, टाइटानिक म्यानपावर सप्लायर, रिलायन्स एचआर सोलुसन्स्, ब्रिटिस गोर्खा ओभरसिज सर्भिसेज, मिराकल इम्प्लोइमेन्ट सर्भिसेज र नासा ह्युमन रिसोर्सले विवरण बुझाएका छन् ।

यसरी सार्वजनिक गरिएको म्यानपावर कम्पनीहरूले अनधिकृतरूपमा विदेश जाने श्रमिकबाट पैसा लिएको भए विभागमा उजुरी दिन पनि आग्रह गरिएको छ । विभागको निर्देशनबमोजिम अधिकांश म्यानपावरले विवरण पेस गरेका छैनन् ।

(क्रमशः पृष्ठ २ मा)

# शृंखलाबद्ध भ्रष्टाचारमा विद्यालय निरीक्षक चौरसिया

## २० मध्ये १८ मुद्दामा दोषी ठहर

- नक्कली कागजपत्रका आधारमा नियुक्तिपत्र दिलाएर भ्रष्टाचार
- दही घिउसमेत घुसस्वरूप खाएको ठहर
- जिल्ला शिक्षा अधिकारीको हस्ताक्षर र कागजात किर्ते




■ जेबी योञ्जन

**काठमाडौं-** विशेष अदालतले एक जना विद्यालय निरीक्षकलाई १८ वटा भ्रष्टाचार मुद्दामा दोषी ठहर गरेको छ । पर्सामा कार्यरत विद्यालय निरीक्षक राजेश्वरप्रसाद चौरसियालाई दूध घिउमासमेत घुस लिएकोदेखि नक्कली नियुक्तिपत्र तयार गरी भ्रष्टाचार गरेकोलगायतका प्रकरणहरूमा शृंखलाबद्ध रूपमा दोषी ठहर गरेको हो ।

उनीविरुद्ध विशेष अदालतमा २० वटा भ्रष्टाचारका मुद्दा दायर भएका थिए । दुईवटामा सफाइ पाउँदा १८ वटा मुद्दामा उनी दोषी ठहरिएका हुन् । हरेकजसो मुद्दामा उनलाई अदालतले छ महिना कैद र जरिवाना तोकेको छ । विशेष अदालतले २० वटै मुद्दाको फैसला गत वर्ष पुस २२ गते गरेको थियो । ती सबै फैसलाको पूर्णपाठ हालै सार्वजनिक भएको हो ।

पछिल्लो समय चौरसिया पर्साको बिन्दबासिनी गाउँपालिकाको शिक्षा अधिकृत थिए । विशेष अदालतमा अख्तियारले मुद्दा दायर गरेपछि निलम्बनमा परे । उनका केही भ्रष्टाचारजन्य गतिविधिहरू चकित पार्ने खालका छन् ।

**प्रकरण १**

अदालतमा दायर अभियोगपत्रअनुसार पर्साका राजेशकुमार यादव २०७४ सालअघि कुनै जागिर नभएर यत्तिकै बसिरहेका थिए । त्यही वर्ष विद्यालय निरीक्षक चौरसियाले उनलाई भेटे । चौरसियाले यादवलाई स्कुलमा स्थायी जागिर लगाइदिने आश्वासन दिए । सुरुमा विरञ्चबर्बाको दिव्यकन्या माविमा नियुक्त भएका उनलाई चौरसियाले नै सरुवा गरेर बितोमहतो मावि जितपुरमा ल्याए ।

पछि विद्यालयमा पढाउँदै जाँदा नक्कली कागजातका आधारमा यादवको नक्कली नियुक्ति भएको भेटियो । विद्यालय निरीक्षक चौरसियाले सबै नक्कली कागजातका आधारमा काम गरेको खुल्यो । त्यतिञ्जेल यादवले विद्यालयबाट तीन लाख १६ हजार रूपैयाँ पारिश्रमिक लिइसकेका थिए । यादवका अनुसार चौरसियाले करिब तीन महिना सधैं दूध, दही र घिउ खाए अनि दस्तुर लाग्छ भनी दुई लाख ७५ हजार रूपैयाँ लिएर नियुक्तिपत्र दिएको बयान दिएका थिए ।

(क्रमशः पृष्ठ २ मा)




# मनसुनपछिको विपद्मा परी ७४ जनाको मृत्यु, ८८ घाइते



■ प्रभाव संवाददाता

**काठमाडौं-** मुलुकमा मनसुन सुरु भएयता सोमबार दिउँसोसम्म देशका विभिन्न स्थानमा आएको बाढी, पहिरो, डुबानलगायत विपद्मा परी ७४ जनाको मृत्यु भएको छ भने ८८ जना घाइते भएका छन् ।

विपद्जन्य घटनामा परी काठमाडौं उपत्यकामा एक, कोशी प्रदेशमा १८, मधेस प्रदेशमा तीन, बागमती प्रदेशमा चार, गण्डकी प्रदेशमा २२, लुम्बिनी प्रदेशमा १८, कर्णाली प्रदेशमा चार र सुदूरपश्चिम प्रदेशमा चार गरी ७४ जनाको मृत्यु भएको नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिए ।

उनका अनुसार घाइते हुनेमध्ये काठमाडौं उपत्यकामा तीन, कोशी प्रदेशमा २१, मधेसमा पाँच, बागमतीमा चार, गण्डकीमा २६, लुम्बिनीमा चार, कर्णालीमा १५ र सुदूरपश्चिममा १० जना गरी जम्मा ८८ जना रहेका छन् ।

साथै कोशी प्रदेशमा ४१ र गण्डकीमा १२ गरी ५३ जनाको उद्धार गरिएको छ । बाढीपहिरोमा परी कोशी प्रदेशमा दुई, बागमतीमा दुई र सुदूरपश्चिममा एक गरी पाँचजना बेपत्ता भएका छन् । बेपत्ताको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ । बाढीका कारण १६१ घर डुबानमा परेका र ९४ घर, ५३ गोठ, ४१ पुल, एक विद्यालय र दुई सरकारी कार्यालयमा क्षति पुगेको छ भने ३३५ पशुचौपाया मरेका प्रवक्ता कार्कीले बताए ।

यस अवधिमा विपद्का घटनाबाट दुई हजार २९६ परिवार विस्थापित भएका छन् । बाढी पहिरोको जोखिममा रहेका विभिन्न जिल्लाका परिवारलाई सुरक्षित स्थानमा राख्ने, पहिरोमा पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने कामसमेत विभिन्न निकाय र स्थानीयवासीको समन्वय तथा सहयोगमा भइरहेको र सडकको अवरोध हटाउने कार्यसमेत जारी रहेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

### १९ राजमार्ग अवरुद्ध, १४ वटा सडकखण्ड एकतर्फी सञ्चालनमा

भारी वर्षापछिको बाढीपहिरोलगायत विपद्का कारण मुलुकका विभिन्न १९ ठाउँमा राजमार्ग पूर्णरूपमा अवरुद्ध हुन पुगेको छ । सोमबार साँझ ६ बजेसम्मको विवरणअनुसार अवरुद्ध रहेका १४ स्थानमा भने एकतर्फीरूपमा सडक सञ्चालनमा ल्याइएको छ । ती सडकका पहिरो पन्छाएर तथा खोलेको बाटो मर्मत गरेर एकतर्फी सञ्चालन गरिएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिए । उनका अनुसार कालिकोटको कर्णाली राजमार्ग, सुर्खेतको मदन भण्डारी राजमार्ग, सिमकोट हुम्लाबाट नाम्खा जानेबाटो, जाजरकोट सडकखण्ड, कर्णाली करिडोर, सुर्खेत-दैलेख सडकखण्ड, कञ्चनपुरस्थित पूर्वपश्चिम राजमार्ग पूर्णरूपमा बन्द छ ।

यस्तै रोल्पाको सहिद राजमार्ग, रिडि-बाग्लुङ सडकखण्ड, स्याउलीवास-बाग्दुम्ला, चामे-बेँसीशहरलगायतका सडकखण्ड अवरुद्ध रहेका प्रहरी प्रधान कार्यालयले जनाएको छ । यस्तै संखुवासभाको कोशी राजमार्ग पनि बन्द नै रहेको जनाइएको छ । पहिरोका कारण अवरुद्ध म्याग्दीको बेनी-दरबाङ सडक तीन दिनपछि सञ्चालनमा आएको छ । अन्य विभिन्न जिल्लाका १४ स्थानमा पूर्णरूपमा अवरुद्ध रहेकामा एकतर्फी सञ्चालन गरिएको प्रहरी प्रधान कार्यालयले सोमबार साँझ विवरण सार्वजनिक गरेको छ । प्रहरीका अनुसार विभिन्न २७ जिल्लाका सडकमा विपद्बाट प्रत्यक्ष असर पुगेको छ ।

भक्तपुरको चाँगुनारायण नगरपालिका-६ नगरकोटमा पहिरोले अवरुद्ध सडक सोमबार सशस्त्र प्रहरीले पुनःसञ्चालनमा ल्याएको सशस्त्र प्रहरी बल नेपालका प्रवक्ता सशस्त्र प्रहरी नायब महानिरीक्षक कुमार न्यौपानेले जानकारी दिए । *(राससको सहयोगमा)*

# १६ लाख ६८ हजार मात्रा कोरोना खोप ल्याइयो

**काठमाडौं (प्रस)-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना भाइरसविरुद्धको १६ लाख ६८ हजार ४८० मात्रा खोप ल्याएको छ । मन्त्रालयले फाइजरको 'मनोभ्यालेन्ट' नामक खोप ल्याएको जनाएको छ ।

स्वास्थ्य सेवा विभागका आपूर्ति व्यवस्थापन शाखाकी फार्मेसी अधिकृत निशा पराजुलीका अनुसार वयष्क (१२ वर्षभन्दा माथिका) १६ लाख एक हजार २८० मात्रा र बालबालिका (६ देखि १२ वर्षमुनिका) लागि ६७ हजार २०० मात्रा खोप ल्याएको जानकारी दिए ।

यही असार १६ गते दुई लाख ७६ हजार ४८० मात्रा, असार १७ गते दुई लाख ७० हजार ७२० मात्रा, असार १८ गते दुई लाख ७६ हजार ४८० मात्रा, असार २० गते दुई लाख ७६ हजार ४८० मात्रा, असार २१ गते दुई लाख ७० हजार ७२० मात्रा र असार २३ गते दुई लाख ३० हजार ४०० मात्रा खोप नेपाल आएको हो ।

खोप ग्लोबल एलाएन्स फर व्याक्सिन एन्ड इमुनाइजेसन (गाभी)बाट अनुदानमा ल्याइएको जनाइएको छ । नेपालमा गत जेठमा नयाँ भेरियन्ट 'केपी.१' 'केपी.२' 'केपी.३' र 'केपी.४' देखिएसँगै सरकारले खोप ल्याएको हो । खोप विदेश जाने, रोग प्रतिरोधात्मक क्षमता कम भएका मानिस, दीर्घरोगी, ज्येष्ठ नागरिक, गर्भवती र स्वास्थ्यकर्मीलाई लगाइने छ । सरकारी अस्पतालमा अहिले पनि कोरोना भाइरसविरुद्धको खोप लगाउने गरिन्छ ।

# ऐतिहासिक धारा पुनर्निर्माण



**ललितपुर-** ललितपुर महानगरपालिकाले जावालाखेलमा रहेको ऐतिहासिक धारा (जरुँहिटी) उत्खनन गरेको छ । यसक्रममा महानगरले सो स्थानमा उद्यान निर्माण गर्नेक्रममा उत्खनन गर्दा भेटिएको धारालाई पुनर्निर्माण गरेर सञ्चालनमा ल्याएको छ । महानगरपालिका र ताम्राकार समाजको सहकार्यमा परम्परागतरूपमा सो धारा पुनर्निर्माण गरिएको हो । उक्त धारा ४०० वर्ष पुरानो रहेको ताम्राकार समाजका अध्यक्ष विनोद ताम्राकारले जानकारी दिए ।

उनका अनुसार हाल ललितपुर महानगरपालिका र समाजका सहकार्यमा निर्मित धारामा आरओ प्रविधिद्वारा प्रशोधित पिउने पानी स्वचालितरूपमा सञ्चालित छ । ललितपुर-४ का वडाध्यक्ष सन्तोष खड्काले ललितपुर-४ जावलाखेल मोसिख्योमा उद्यान निर्माण गर्नेक्रममा पुरातात्त्विक महत्त्व बोकेको ऐतिहासिक धाराको ढुंगा भेटिएपछि उत्खनन गरेर पुनर्निर्माण गरिएको बताए । उनले भने, 'उत्खनन गर्नेक्रममा भेटिएको धारा (जरुँहिटी) ताम्राकार समाजसँग सम्बन्धित भएकाले आउने दिनहरूमा समाजले नै धाराको संरक्षण गर्ने छ ।'

महानगरले ऐतिहासिक सम्पदा संरक्षण र पुनर्निर्माण गर्नेक्रममा धारा जरुँहिटीलाई पुनःस्थापना गरेकोमा आफू खुसी रहेको ललितपुर महानगरपालिका-४ जावलाखेलका स्थानीय रामकुमार पन्तले बताए । उनले भने, 'पुरानो सम्पदालाई संरक्षण गर्नु राम्रो हो । जरुँहिटी निर्माण गरेपछि बाटो हिँड्नलाई तिर्खाएको बेला प्रशोधित शुद्ध पानी पिउन सहज भएको छ ।' *रासस*

पृष्ठ १ बाट क्रमशः

## शृंखलाबद्ध...

यस प्रकरणमा अदालतले चौरसियालाई भ्रष्टाचारी ठहर गर्दै छ महिना कैद सजाय सुनायो । एक लाख ६५ हजार रूपैयाँ जरिवाना तोक्यो । शिक्षक राजेशकुमार यादवलाई पनि त्यति नै कैद र जरिवाना भएको छ ।

**प्रकरण २**

पर्साका अरविन्द गिरी जिल्लाकै एक निजी विद्यालयमा अंग्रेजी विषय पढाउँथे । उनको भेट चौरसियासँग भयो । उनले गिरीलाई सुगौली पटेर्वास्थित नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालयमा अंग्रेजी शिक्षकको रूपमा नियुक्ति दिलाए । त्यसबापत अभिलेख दस्तुर, दरखास्त दस्तुर र नियुक्ति दस्तुर भनेर एक लाख २० हजार रूपैयाँ पनि लिए । तर, पछि सबै कागजात नक्कली बनाएको खुल्यो । विशेष अदालतले उनलाई एक वर्ष कैद र एक लाख १५ हजार रूपैयाँ जरिवाना तोक्यो । शिक्षक अरविन्द गिरीलाई छ महिना कैद सजाय भयो भने त्यति नै जरिवाना तोकिदिएको छ ।

**प्रकरण ३**

पर्साको जगरनाथपुर गाउँपालिकामा शिक्षा अधिकृत हुँदा पनि उनले भ्रष्टाचारजन्य कसुरलाई जारी राखे । त्यहाँ त उनले शिक्षा कार्यालयको पत्र, छाप र जिल्ला शिक्षा अधिकारीको हस्ताक्षरसमेत नक्कली बनाएर शिक्षकलाई नियुक्ति दिलाउने र त्यसका आधारमा तलब भुक्तानी गर्ने गरेको खुलेको छ । पर्साका जिल्ला शिक्षा अधिकारी केदार तिवारीले बयानको क्रममा आफ्नो हस्ताक्षर र कागजात किर्ते गरेको भनेका छन् ।

**प्रकरण ४**

नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालयमा जितेन्द्रप्रसाद कुर्मी पढाउँछन् । शिक्षा कार्यालय पर्साबाट उनले देउरबनास्थित प्राविमा नियुक्ति पाए । उनले नियुक्तिका लागि दुई लाख रूपैयाँ घुस बुझाएको अनुसन्धानको क्रममा खुल्यो । नियुक्ति दिएबापत शिक्षकहरूसँग उनले डेढ लाखदेखि साढे चार लाख रूपैयाँसम्म असुलेको शिक्षकहरूले बताएका छन् । उनले दिएको कागजातका आधारमा विश्वासमा परेर सरुवा भएको पीडित शिक्षकहरूले बताएका छन् ।

चौरसियाले दुई लाख रूपैयाँ घुस खाएको आरोपको पनि सामना गर्नुपर्‍यो । बयानका क्रममा अदालतमा उनले सहयोगबापत १४ हजार रूपैयाँ लिएको स्वीकारे । अख्तियारले नक्कली शिक्षकका लागि चार लाख २६ हजार रूपैयाँ तलब गएको र त्यसमा दुई लाख रूपैयाँ घुस लिएको भनी चौरसिया लगायतमाथि मुद्दा चलाएको थियो । विशेष अदालतले उनलाई घुस, गलत लिखत तयार पारेको र सरकारलाई हानि, नोक्सानी पुर्‍याएकोमा भ्रष्टाचारी ठहर गरेको छ ।

चौरसियाले गरेको अर्को भ्रष्टाचारजन्य कसुर पनि नक्कली शिक्षक नियुक्तिसँग सम्बन्धित छ । जिल्लाको कौवाबनस्थित नेपाल राष्ट्रिय प्राविमा सफी अहमद र फिरोज आलमलाई शिक्षकमा नियुक्त गर्दा दुई लाख २० हजार रूपैयाँ असुलेको खुलिसकेको छ । उनले इस्लामिया दारुल उल्लुम मदरसामा काम गरेका उनीहरूबाट विद्यालय निरीक्षक चौरसियाले १५ हजार रूपैयाँ लिएको कुरा अदालतमा नै स्वीकार गरे । परीक्षा नै नलिएका उनले शिक्षकको परीक्षा हुने भन्दै दस्तुरको बहानामा दुई लाख २० हजार रूपैयाँ असुलेको खुलेको हो ।

चौरसियाले जनसेवा प्राविका प्रधानाध्यापक हकिम अन्सारीलाई स्थायी नियुक्ति दिलाइदिने आश्वासन दिए । अनि विज्ञापन निस्किएको भन्दै नियुक्तिका लागि तीन लाख ९० हजार रूपैयाँ असुलेको आरोपपत्रमा उल्लेख छ । पछि शिक्षक अन्सारीले भने नक्कली र किर्ते काम गरेको भन्दै विद्यालय निरीक्षक चौरसियाविरुद्ध नै उजुरी दिएका थिए ।

**प्रकरण ७**

अब्दुल्लाह राउत पर्साको कटैयास्थित नेपाल राष्ट्रिय प्राविमा कार्यरत थिए । उनलाई समेत स्थायी नियुक्ति दिलाइदिन्छु भनी चौरसियाले चार लाख १५ हजार रूपैयाँ लिए । सुरुमा नियुक्तिपत्र दिएका चौरसियाले पछि दरबन्दीसहित अर्को विद्यालयमा सरुवा गरिदिए ।

तर, काम गरेपछि तलब आएन । शिक्षक राउतले यथार्थ बुझ्न खोजे, पछि आफ्नो सबै कागजात नक्कली भएको थाहा पाए । समायोजन भएर आफू स्थानीय तहमा पुगिसकेपछि समेत उनले 'अब शिक्षा गाउँपालिकामा आइसक्यो, तपाईंलाई जागिर दिन्छु भन्दै चार लाख २० हजार असुलेको खुल्यो ।

अख्तियारले कतिपय मुद्दाको अनुसन्धानका क्रममा नाम मात्रैको तलब खाएका शिक्षकहरूलाई पनि भ्रष्टाचार मुद्दा दायर गरेको थियो । राम प्रावि पिपरडाढीकी बालविकास सहयोगीमा नियुक्त रुबीकुमारीले तलब सुविधाबापत ५४ हजार रूपैयाँ बुझेकी थिइन् । अख्तियारमा बयान गर्ने क्रममा उनले आफ्नो ११ हजार रूपैयाँ विद्यालय निरीक्षक चौरसियाले घुसबापत खाइदिएको बताइन् । रुबीकुमारीलाई समेत मुद्दा दायर भयो । विशेष अदालतले उनलाई र विद्यालय निरीक्षक चौरसियालाई तीन/तीन महिना कैद र २७ हजार रूपैयाँका दरले जरिवाना गर्‍यो ।

जरिवाना र विगोसँगै सजाय सुनाउने विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर, सदस्यहरू तेजनारायण सिंह राई र रितेन्द्र थापाको इजलासले हरेक मुद्दामा चौरसिया जोडिएको, उनले नै विवादित कागजातहरू ल्याइदिएको भन्दै सबैजसो मुद्दामा उनलाई सजाय भएको औंल्याएको छ । विशेष अदालतले यो मुद्दा दायर गर्ने क्रममा अपनाइएको प्रक्रियामासमेत प्रश्न उठाएको छ । तर, यसबारे बोल्दै विशेष अदालतका प्रवक्ता धनबहादुर कार्कीले प्रभावसँग भने, 'चौरसिया जोडिएका सबै मुद्दा एकै दिन फैसला भएकाले अधिकतम कैद सजाय भएको फैसला कार्यान्वयन हुन्छ ।' उनले अरू मुद्दामा ठहर भएको कैद सजाय त्यसमै गाभिने अभ्यास रहेको र बिगो र जरिवाना भने जोडेर हिसाब हुने बताए ।

### यी हुन् चौरसिया दोषी ठहरिएका मुद्दा

| | |
|---|---|
| ०७६- सिआर-८३ | ६ महिना कैद, १ लाख ४६ हजार जरिवाना |
| ०७६- सिआर-८४ | ६ महिना कैद, ६६ हजार ९२५ जरिवाना |
| ०७६- सिआर-८५ | ६ महिना कैद, १ लाख ५७ हजार जरिवाना |
| ०७६- सिआर-८६ | ६ महिना कैद, १ लाख ९ हजार जरिवाना |
| ०७६- सिआर-८७ | सफाइ |
| ०७६- सिआर-८८ | सफाइ |
| ०७६- सिआर-८९ | ६ महिना कैद, ९२ हजार ६८० जरिवाना |
| ०७६- सिआर-९० | ६ महिना कैद, ५९ हजार ४२५ जरिवाना |
| ०७६- सिआर-९१ | १ महिना कैद, १५ हजार जरिवाना |
| ०७६- सिआर-९२ | ६ महिना कैद, २ लाख ११ हजार जरिवाना |
| ०७६- सिआर-१०० | ६ महिना कैद, १ लाख ६० हजार जरिवाना |
| ०७६- सिआर-१०१ | ६ महिना कैद, १ लाख ५७ हजार जरिवाना |
| ०७६- सिआर-१०२ | ३ महिना कैद, २७ हजार जरिवाना |
| ०७६- सिआर-१०३ | ६ महिना कैद, १ लाख ६१ हजार जरिवाना |
| ०७६- सिआर-१०४ | ६ महिना कैद, १ लाख ५७ हजार जरिवाना |
| ०७६- सिआर-१०५ | ६ महिना कैद, १ लाख १८ हजार जरिवाना |
| ०७६- सिआर-१०६ | ६ महिना कैद, २ लाख ४३ हजार जरिवाना |
| ०७६- सिआर-१०७ | ६ महिना कैद, १ लाख ६५ हजार जरिवाना |
| ०७६- सिआर-१०८ | १ वर्ष कैद, १ लाख १५ हजार जरिवाना |
| ०७६- सिआर-१०९ | ६ महिना कैद, ९२ हजार ६९४ जरिवाना |

## १४ म्यानपावरले...

विभागका निर्देशक एवं सूचना अधिकारी गुरुदत्त सुवेदी विभागले दिएको समयसीमा अझै बाँकी रहेकोले अन्य म्यानपावरले पनि विवरण पठाउने अपेक्षा व्यक्त गर्छन् ।

सरकारले २०७२ बाट मलेसियालगायत खाडीका छ मुलुकमा फ्रि भिसा, फ्रि टिकटमा नेपाली श्रमिक पठाउनुपर्ने व्यवस्था लागू गरेपछि म्यानपावर व्यवसायीले सोही प्रक्रियाअनुरूप श्रमिक पठाउँदै आएका छन् ।

फ्रि भिसा, फ्रि टिकटमा कुन म्यानपावरले कति श्रमिक पठाए भन्ने यकीन तथ्यांक संकलनका लागि विवरण माग गरिएको विभागले जनाएको छ ।

यता नेपाल वैदेशिक रोजगार व्यवसायी संघले लुसुक्क गएर विवरण बुझाएका म्यानपावरप्रति कुनै प्रतिक्रिया नदिने बताएको छ । कोही कसैले लुसुक्क गएर विवरण बुझाउँछ भने त्यसमा भन्नुपर्ने केही नभएको संघका महासचिव मेघनाथ भुर्तेलले बताए । 'संघले आफ्ना सदस्य व्यवसायीहरूलाई अनावश्यक रूपमा माग गरिएको फ्रि भिसा, फ्रि टिकटसम्बन्धी विवरण बुझाउनु पर्दैन भनिसकेको छ,' उनले भने, 'कुन म्यानपावरले कुन देशमा कति श्रमिक फ्रिमा पठायो त्यो सबै विभागसँग रेकर्ड छ, अहिले किन व्यवसायीसँग विवरण माग्नु पर्‍यो ? आफूखुसी गएर बुझाएकाबाहेक अरू व्यवसायीले विवरण बुझाउँदैनन् ।'

विभागलाई औचित्यहीन र अनावश्यक कुरामा विवरण माग गरेर व्यवसायीलाई दुःख दिने काम नगर्न स्पष्ट पारिएको महासचिव भुर्तेलले बताए । फ्रि भिसा, फ्रि टिकटबाहेक म्यानपावरहरूले बुझाउनुपर्ने अन्य वार्षिक विवरण असार मसान्तपछि बुझाउन तयार रहेको उनले बताए ।

### विभाग प्रवेशमा कडाइ

वैदेशिक रोजगार विभागले अनावश्यक रूपमा भिडभाड बढेको भन्दै यसको नियन्त्रणका लागि विभाग प्रवेशमा कडाइ गर्ने भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालको निर्देशनबमोजिम विभाग प्रवेशमा कडाइ गर्न लागिएको सोमबार जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

विभागमा नवीकरण, दर्ता, दाखिला, खारेजलगायतका कार्यहरूमा परिचयपत्रबाहक कर्मचारी, सञ्चालक तथा कानुनी सल्लाहकारको रूपमा नियुक्त कानुन व्यवसायीबाहेक अन्य व्यक्तिलाई भित्र प्रवेश निषेध गर्न मन्त्री अर्यालबाट निर्देशन भएकाले सोहीअनुरूप व्यवस्था हुने बताइएको छ ।

मन्त्री अर्यालले सोमबार नै विभागको निरीक्षण गर्दै सेवाग्राहीलाई सन्तुष्टि प्रदान गर्नेगरी कार्यसम्पादन गर्न निर्देशन दिएको बताइएको छ । साथै मेलमिलाप केन्द्रलाई व्यवस्थित गर्न, नवीकरणको प्रक्रियामा रहेका म्यानपावर व्यवसायीहरूको उजुरी फरफारक गरेर मात्र नवीकरण गर्न मन्त्री अर्यालबाट निर्देशन पाएको विभागले जनाएको छ ।

चालु आर्थिक वर्ष २०८०/८१ को हालसम्म वैदेशिक रोजगारसँग सम्बन्धित सात हजार ६४३ उजुरी दर्ता भएकामा तीन हजार ७६६ फर्स्योट गरी ३१ करोड ७३ लाख ८० हजार ८६० रूपैयाँ क्षतिपूर्ति प्रदान गरिएको विभागले मन्त्री अर्याललाई जानकारी दिएको उल्लेख विभागको विज्ञप्तिमा उल्लेख छ ।


कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FALCON EYE SECURITY SERVICES

पुर्व स्वीकृति मिति २०८१/०३/२१ LT. No. 307251 चलानी नं. ६०२२२०२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 17 | 0 | 1500 | ५४,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १ गते (16th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Licence No.: 811/065/066

दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.

पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,

ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np

# पीडितमैत्री संक्रमणकालीन न्यायका लागि एकजुट हुनुपर्नेमा जोड

**ललितपुर (प्रस)-** पीडित मैत्री संक्रमणकालीन न्यायका लागि सरकारलाई जिम्मेवार बनाउन सबै पक्ष एकजुट हुनुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका छन्। राष्ट्रिय मानवअधिकार आयोगले 'राष्ट्रिय मानवअधिकार आयोग र संक्रमणकालीन न्याय' सम्बन्धी प्रतिवेदन सार्वजनिक गर्न सोमबार यहाँ आयोजित पत्रकार सम्मेलनमा वक्ताहरूले पीडितमैत्री र पीडकलाई सजाय हुनेगरी ऐन, कानुन निर्माण गर्न सरकारलाई जिम्मेवार बनाउन लाग्नुपर्नेमा जोड दिएका हुन्।

शान्ति प्रक्रिया सुरू भएको २० वर्ष पुग्न लाग्दासमेत संक्रमणकालीन न्यायसँग जोडिएका विषयहरू टुंगोमा नपुग्नु गम्भीर समस्या भएको उनीहरूको भनाइ छ। वक्ताहरूले शान्ति प्रक्रियाका बाँकी काम सम्पन्न गर्दै पीडितमैत्री ऐन, कानुन निर्माण र कार्यान्वयन गर्न, गराउन मानवअधिकारकर्मी, पत्रकार, नागरिक समाजलगायत सबै एकजुट हुनुपर्ने धारणा राखे।

आयोगका अध्यक्ष तपबहादुर मगरले संक्रमणकालीन न्यायका लागि पटक-पटक ध्यानाकर्षण र सुझावहरू दिँदासमेत सरकारले कार्यान्वयन नगरेको बताए। 'संक्रमणकालीन मुद्दाहरूको न्यायिक निरूपणका लागि हामीले १२ बुँदे धारणा राखिसकेका छौं, हाम्रो फैसला र सिफारिस कार्यान्वयन हुनुपर्छ भनेर सरकारलाई भनिरहेका छौं। सत्यतथ्य पत्ता लगाउने र न्याय निरूपणका लागि गठित समितिले विधिवत्‌रूपमा काम गर्न सक्नेगरी ऐन आउनुपर्छ, सबै कुराको मूल्यांकन गरेर सहमतिमै टुंगोमा पुग्नुपर्छ भन्ने आयोगको मान्यता रहेको छ,' अध्यक्ष मगरले भने।

आयोगका सदस्य डा. सूर्यप्रसाद शर्मा ढुंगेलले द्वन्द्वका बेलामा भएका ज्यादतीको दस्तावेजीकरण गर्ने काम हुनुपर्ने बताए। संक्रमणकालीन न्यायका लागि मानवअधिकार आयोगले पत्रकारिता क्षेत्रबाट थप सहकार्यको अपेक्षा गरिएको उनले बताए। 'न्याय निरूपणका सन्दर्भमा राज्यले अभिभावकीय भूमिका निर्वाह गर्नुपर्छ र त्यसमा मिडियाले राज्यलाई जिम्मेवार बनाउन ध्यान दिन आवश्यक छ। अरू देशको अवस्था हेरेर हामीलाई सन्तुष्ट हुने छुट छैन,' उनले भने, 'त्यसैले पीडित, नागरिक समाज र अधिकारकर्मी एकजुट भएर लाग्नुपर्छ। हामीले हाम्रो अवस्थालाई दृष्टिगत गरेर काम गर्नुपर्छ, पीडित लक्षित गरेर समस्या समाधान गरेर संक्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याउन आवश्यक छ।'

सरकारले प्रतिबद्धता जाहेर गर्ने तर कार्यान्वयनमा नजाने समस्या रहेको उल्लेख गर्दै डा. ढुंगेलले यसका लागि मिडियाले दबाब दिन आवश्यक रहेको धारणा राखे। सही मनसायका साथ कानुन नबनेसम्म आयोगले मात्रै केही गर्न नसक्ने भएकाले यसका लागि सकारात्मक पहलकदमी जरूरी रहेको उनको भनाइ थियो।

आयोगका पूर्वसदस्य सुशील प्याकुरेलले शान्ति प्रक्रियाका बाँकी काम सम्पन्न गर्न न्यायिक प्रक्रियामा न्याय चाहिएको पक्षको सहभागिता अपरिहार्य रहेको धारणा राखे। 'द्वन्द्वको अन्त्यसँगै शान्ति तथा पुनर्निर्माण आयोग बन्नुपर्नेमा मन्त्रालय बन्यो, त्यो राजनीतिक स्वार्थसिद्ध गर्ने माध्यममात्रै बन्यो। हाम्रो वास्तविकताका आधारमा शान्ति प्रक्रिया, संक्रमणकालीन न्यायका विषयमा काम हुन सकेन,' उनले भने।

काठमाडौं विश्वविद्यालय स्कुल अफ लका डिन डा. ऋषिकेश वाग्लेले आयोगले प्रकाशित गरेको प्रतिवेदनमा प्रस्तुत विषय अनुसन्धानकर्ताका लागिसमेत महत्त्वपूर्ण सन्दर्भ सामग्री हुने विचार व्यक्त गरे। 'शान्ति सम्झौतापछि अनुगमन गर्ने जिम्मेवारी आयोगलाई दिएको थियो, संक्रमणकालीन न्यायमा उपलब्धि हासिल गर्न सक्छौं कि सक्दैनौं भनेर पहिला पर्याप्त छलफल र बहस भएन, २०६३ अगाडि राष्ट्रिय तहमा मानवअधिकार हननका विषय हेर्ने निकाय नै थिएन। अहिले आयोगले त्यो काम गरिरहेको छ, यो राम्रो कुरा हो। आगामी दिनमा आयोगमा आउने नेतृत्वलाई यो अध्ययनले नयाँ बाटो देखाउने विश्वास लिएको छु,' उनले भने। सत्यतथ्य पत्ता लगाउनेमात्रै नभई कारबाही गर्ने अधिकार पनि आयोगलाई हुनुपर्नेमा उनले जोड दिए। डा. वाग्लेले सत्यतथ्य पत्ता लगाउन आयोगलाई जिम्मेवार नबनाएसम्म कानुन राम्रो बनाएर मात्रै केही नहुने दाबी गरे। उनले द्वन्द्वकालमा भएका गम्भीर प्रकृतिका मानवअधिकार हननका घटना र त्यसको सत्यतथ्य पत्ता लगाउनेतिर पर्याप्त ध्यान जान नसकेको भन्दै चिन्ता व्यक्त गरे। त्यसैले धेरै ढिला हुँदा सत्यतथ्य पत्ता नलाग्न सक्छ भन्नेमा सबै सचेत हुनुपर्ने उनको सुझाव थियो।

त्रिभुवन विश्वविद्यालय केन्द्रीय पत्रकारिता विभागका प्रमुख डा. कुन्दन अर्यालले क्षतिपूर्तिभन्दा सत्यसथ्यको खोजी गर्नमा ध्यान दिनुपर्ने बताए। 'संक्रमणकालीन न्यायका सन्दर्भमा राजनीतिक प्रतिबद्धता धेरै आउने गर्छ, गम्भीर प्रकृतिका मानवअधिकार उल्लंघनका हकमा आम माफी हुँदैन भन्ने कुरा त महत्त्वपूर्ण छ नै। संक्रमणकालीन न्यायलाई निष्कर्षमा नपुगेको अवस्थामा आयोगले सत्यको खोजी गर्नेतर्फ अझ बढी भूमिका निर्वाह गर्नुपर्छ,' उनले भने, 'सुझाव र सिफारिस मात्रै हैन कारबाहीका कुरामा पनि अगाडि बढ्न आवश्यक छ।'

द्वन्द्वपीडित देवी खड्काले प्रतिवेदनमा समेटिएका विषयका आधारमा सत्य स्थापित गर्न लाग्नुपर्ने बताइन्। उनले सत्य निरूपणका लागि ६६ हजार उजुरी परेकामा ३१४ उजुरीलाई तामेलीमा राखिएको र यौनजन्य हिंसालाई सरकार र राजनीतिक नेतृत्वले गम्भीररूपमा नलिँदा पीडितले न्याय नपाएको गुनासो गरिन्। टिआरसी विधेयकमा अति राजनीतिकरण हुँदा पीडितमाथि अन्याय भएको उनको भनाइ थियो।

## बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०३/२५**

यस महादेव सा.व.उ.स. हरिहरपुरगढी गा.पा. ५, सिन्धुलीबाट आ.व. २०८०/०८१ मा उत्पादन भई लाटीखोला, हरिहरपुरगढी गा.पा. ५, सिन्धुलीमा घाटगद्दि गरी राखिएको विभिन्न लटको साल, असना र कर्मा जातको गोलिया थान २०५ को १९७२.२० क्यू.फि गोलिया काठ र २.०० चट्टा साल मिश्रित दाउरा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ।

**श्री महादेव सा.व.उ.स.**
**हरिहरपुरगढी गा.पा.- ५, सिन्धुली**

## शिलबन्दी दरभाउ पत्रको प्रक्रियाबाट वन पैदावर लिलाम बिक्रीको सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०८१/०३/२५**

यस बंका सा.व.उ.स. दुधौली नगरपालिका- ०१ सिन्धुलीको स्वीकृत वन व्यवस्थापन कार्ययोजना २०८०/०८१ अनुसार डिभिजन वन कार्यालय सिन्धुलीको वन पैदावर संकलन सहमति बमोजिम उत्पादित काठ दाउरा मध्ये समूहको आन्तरिक खपत भई बाकी रहेको गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय सिन्धुली (सिन्धुली माढी) को च.नं. २४७८ मिति २०८१/०३/२४ को बाहिय लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेको विभिन्न ग्रेडका साल जातको गोलिया थान १३३ को ९११.१३ क्यू.फिट काठ तथा दाउरा २ चट्टा हाल जे जस्तो अवस्थामा छ। सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएको ले यो २१ दिने सूचना प्रकाशित गरिएको छ। विस्तृत पुर्ण व्यहोराको सूचना तथा जानकारीको लागि सामुदायको कार्यालयमा सूचना टाँस गरिएको छ।

- बंका सा.व.उ.स.
दुधौली न.पा.- ०१, सिन्धुली

## मोटरसाइकल हराएको सूचना

मिति २०८१/०३/०४ गते अन्दाजी ३:०० बजेको समयमा अपरिचित व्यक्तिले काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं.-८, सानोपुल नजिक खाजाघरमा पार्किङ गरीराखेको दर्ता नं. बाग्मती प्रदेश ०२-०४६ प ११७९ को कालोरातो रङ्को 220 F ABS पल्सर मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरीदीनु हुन बिनम्र अनुरोध गर्दछु।

**नाम : कान्छि तामाङ**
**बाइक नं.: बा.प्र. ०२-०४६ प ११७९**
**च्यासिस नं.: MD2A13EX9CM-83061**
**इन्जिन नं. : DKXCNM-37358**
**ठेगाना: नवलपुर -०४ ,सिन्धुपाल्चोक**
**सम्पर्क: ९८४३५१९६५६**

## मोटरसाइकल हराएको सूचना

मिति २०८१/०३/२० गते जिल्ला, भक्तपुर चाङ्गुनारायण न.पा. वडा नं.२, दुवाकोट ओल्ड टाउन रेष्टुरेन्ट अगाडी पार्किङ गरिराखेको अवस्थामा साँझको करिब ७:१५ बजेको समयमा कालो र रातो रङको , **Pulsar 220 cc** मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला।

**धनीको नाम : हुलास फिन.सर्भ.लि.**
**ऋणीको नाम : रन्जेश कार्की**
**बाइक नं.: बा .प्र.०२-०४४ प ६६४५**
**च्यासिस नं.: MD2A13EX8MCJ97913**
**इन्जिन नं. : DKXCMJ32491**
**ठेगाना: भक्तपुर**
**सम्पर्क: ९८४९९८९४५४**


## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNIVERSAL FABRICS LTD

पूर्व स्वीकृति मिति २०८१/०३/२३ | LT. No. 307142 | चलानी नं. ६०२२१९९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dyeing Operator | 10 | 0 | 16500 | ४७,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Knitting Operators | 10 | 0 | 16500 | ४७,१८५ | | | | | | | |
| 3 | machine operator | 34 | 0 | 16500 | ४७,१८५ | | | | | | | |
| 4 | Mechanic Garments | 3 | 0 | 18300 | ५२,३३५ | | | | | | | |
| 5 | Senior Quality Controller-Garment | 3 | 0 | 16500 | ४७,१८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १ गते (16th July 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD
License No.: 832/066/67
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu, Mobile: 9861045857, 9809732474
Tel: +977-1-4960523,4957731, Email : greliance010@gmail.com, globalreliance03@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BERKELEY SERVICES U A E (LLC)

पूर्व स्वीकृति मिति २०८०/०५/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/२५ | LT. No. 291973 | चलानी नं. ६०२०७१४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaner | 0 | 146 | 800 | २९,११० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Male Cleaner | 197 | 0 | 800 | २९,११० | | | | | | | |
| 3 | Male Security Guard | 50 | 0 | 1200 | ४३,६६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान र मिति:
रुपन्देही -बुट्वल -(City Asia Palace Milanchowk-6) २०८१ साउन १ गते (16th July. 2024) मा हुनेछ।
कास्की, पोखरा (Lekhnath Metropolitan, Bajeko Sekuwa ): २०८१ साउन २ गते (17th July. 2024) मा हुनेछ।
काठमाडौं - (Manpower Head Office) २०८१ साउन ३ गते (18th July. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Proficient Employment Services Pvt.Ltd
श्रम ईजाजत नं. १५८२/०७९/८०
KMC-26, Samakhushi, KTM, Contact: 977-5918725/4970500/4970600

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAL ARABIAN CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०३/२४ | LT. No. 307221 | चलानी नं. ६०२२२०२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Agent | 15 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १ गते (16th July 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

TESLA OVERSEAS PVT.LTD.
Govt. License 1638/080/81
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH AMER AL SARHAN CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/०४/३० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/२४ | LT. No. 290949 | चलानी नं. ६०२०६२०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Agent | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १ गते (16th July 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : D S S SPORT ACADEMY

पूर्व स्वीकृति मिति २०८१/०३/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/२४ | LT. No. 307119 | चलानी नं. ६०२२१९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Life Guards | 10 | 0 | 1500 | ५४,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १ गते (16th July 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Muskan Overseas Pvt. Ltd.
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : COOPERATIVE BUSINESS JAICO

पूर्व स्वीकृति मिति २०८१/०३/२१ | LT. No. 307133 | चलानी नं. ६०२२१९३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव Yen | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD PRODUCTION WORKER | 2 | 0 | 174,320 | १,४४,७६० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १ गते (16th July 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र। (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र। (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: जम्मा रू. ३५,०००/- (पैतिस हजार) मात्र।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ।

**नोट:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस। ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ।

Care Professional Service Pvt.Ltd.
श्रम ईजाजत नं. १३०८/०७४/०७५
Dhumbarahi, Kathmandu, Nepal Phone : +997-1-4439821, 4417142
Mob: 985-1078503, 980-8477128, 9844409143, 984-7753395, E-mail: info@cpsn.com.np

## Royal Kathmandu Himalaya Beverage Pvt.Ltd.

Sanga, Kavre

**Price List** (Effective From : 2081/03/25)

Vat no.304502613
Excise no. 304502613-69-50955

| S.N. | Brand Name | Packaging | Ex. FY. Rate | Excise | VAT | Stockist Price | RD Price | Dealer Price | W/S Price | Retail Price | MRP. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Big Master Regular<br>Perfect Fruit Red/ Mix Fruit White Wine | 12*750ml | 3,751.40 | 2,691.00 | 837.51 | 7,279.91 | 7,825.91 | 8,217.20 | 8,751.32 | 9,188.89 | 850.00 |
| 2 | Big Master Premium<br>Perfect Fruit Red Sweet/Apple Sweet White/Red Semi-Sweet/Mix Fruit /Red Dry Wine | 12*750ml | 4,319.40 | 2,691.00 | 911.35 | 7,921.75 | 8,515.88 | 8,941.67 | 9,522.88 | 9,999.02 | 925.00 |
| 3 | Black stone wine<br>Red Sweet / White Sweet Wine | 12*750ml | 3,213.40 | 2,691.00 | 767.57 | 6,671.97 | 7,172.37 | 7,530.99 | 8,020.50 | 8,421.52 | 800.00 |
| 4 | Napa Valley Wine<br>Red Sweet / White Sweet Wine &<br>Ground Apple Yacon<br>Sweet White/Dry White Wine | 12*750ml | 5,267.40 | 2,691.00 | 1,034.60 | 8,993.00 | 9,667.47 | 10,150.84 | 10,810.64 | 11,351.17 | 1,050.00 |
| 5 | Bigmaster Box wine<br>Red Sweet /Apple Sweet White Wine | 4*4ltrs | 5,593.60 | 4,784.00 | 1349.09 | 11726.69 | 12,547.56 | 13,174.94 | 14,031.31 | 14,382.09 | 3,955.00 |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# अवरुद्ध राजमार्ग खुलाउन सक्रियता बढाऊ

**निरन्तर वर्षाका कारण देशका अधिकांश जिल्ला प्रभावित बन्नपुग्यो । शुक्रबार रातिदेखि परेको भारी वर्षाले कतै बाढीपहिरो त कतै डुबानको विपद् निम्त्यायो । यसक्रममा अधिकांश राजमार्गहरू अवरुद्ध हुन पुगेका छन् । सोमबार साँझसम्मको विवरणअनुसार भारी वर्षापछिको बाढीपहिरोलगायत विपद्का कारण मुलुकका विभिन्न १९ ठाउँमा राजमार्ग पूर्णरूपमा अवरुद्ध हुन पुगेको छ । अवरुद्ध रहेका १४ स्थानमा एकतर्फीरूपमा सडक सञ्चालनमा ल्याइएको छ । ती सडकका पहिरो पन्छाएर तथा खोलेको बाटो मर्मत गरेर एकतर्फी सञ्चालन गरिएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिएका हुन् । उनका अनुसार कालिकोटको कर्णाली राजमार्ग, सुर्खेतको मदन भण्डारी राजमार्ग, सिमकोट हुम्लाबाट नाम्खा जानेबाटो, जाजरकोट सडकखण्ड, कर्णाली करिडोर, सुर्खेत–दैलेख सडकखण्ड, कञ्चनपुरस्थित पूर्वपश्चिम राजमार्ग पूर्णरूपमा बन्द छ ।**

**यस्तै रोल्पाको सहिद राजमार्ग, रिडि–बाग्लुङ सडकखण्ड, स्याउलीवास–बाग्दुम्ला, चामे–बैँसीसहरलगायतका सडकखण्ड अवरुद्ध रहेका प्रहरी प्रधान कार्यालयले जनाएको छ । यस्तै संखुवासभाको कोशी राजमार्ग पनि बन्द नै रहेको जनाइएको छ । पहिरोका कारण अवरुद्ध म्याग्दीको बेनी–दरबाङ सडक तीन दिनपछि सञ्चालनमा आएको छ । अन्य विभिन्न जिल्लाका १४ स्थानमा पूर्णरूपमा अवरुद्ध रहेकामा एकतर्फी सञ्चालन गरिएको विवरण प्रहरी प्रधान कार्यालयले सोमबार साँझसार्वजनिक गरेको छ । प्रहरीका अनुसार विभिन्न २७ जिल्लाका सडकमा विपद्बाट प्रत्यक्ष असर पुगेको छ ।**

**राजमार्ग अवरुद्ध हुँदा ती राजमार्ग भएर आवातजावत गर्ने यात्रु प्रभावित बनेका छन् । यात्रुमात्र होइन, मालबाहक सवारीसाधनसमेत रोकिएका छन् । जसले सामान ढुवानी सेवा प्रभावित बन्न पुगेको छ । राजधानी काठमाडौँलगायत सहरी क्षेत्रमा आउने खाद्यान्नदेखि मालसामान तथा ग्रामीण क्षेत्रमा जाने मालसामान ढुवानीमा अवरोध सिर्जना भएको छ । यसले सामानको अभाव तथा महँगी बढाउने हुन्छ । अत्यावश्यक सामग्रीको ढुवानी अवरुद्ध भए थप समस्या निम्त्याउन सक्छ । त्यसैले तत्काल अवरुद्ध राजमार्ग खुलाउन सरकारी संयन्त्रलाई थप सक्रिय बनाउनुपर्छ ।**

**बाढीपहिरोको जोखिम पहाडी क्षेत्रका अधिकांश सडकमा रहन्छ । आवश्यक सतर्कता नअपनाउँदा जनधनको ठूलो क्षति बेहोर्नुपर्ने अवस्था आउनसक्छ । यस्तो अप्रिय दुर्घटना हुनबाट जोगाउन प्रत्येक राजमार्गका जोखियुक्त क्षेत्र पहिचान गरी विशेष सतर्कता अपनाउने व्यवस्था गर्न जरुरी छ । यसका लागि संघ, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय हुनुपर्छ ।**

## मननयोग्य

### विदुर नीति

पृथ्वीको नैऋत्य कोणमा धर्मराजको संयमिनी सहर (हालको यमन या युनान हो कि भनी अड्कल गर्न सकिन्छ) त्यस सहरमा अति विशाल (भव्य) महलहरू थिए । त्यहाँ धर्मराज आफ्ना मन्त्रीहरू र धार्मिक सभासदहरूका साथ बस्ने गर्नुहुन्छ ।ऋषि, महर्षि, देवता सबै प्रकारका व्यक्ति सभासदमा छन् । पाप पुण्यबारेको रेकर्ड हिसाबकिताब बहिखाता राख्ने चित्रगुप्त रहन्छन् । काल, दिशा, आकाश, वायु, अग्नि, सूर्य आदि धेरैले उनका दूतहरूको काम गर्दछन् र विस्तृत खबर चित्रगुप्तकहाँ रेकर्ड गर्न पठाउने काम पनि बेलाबेलामा यिनीहरूले नै गर्ने गर्दछन् ।

धर्मराजको सभाभवनमा दक्षिण, पश्चिम, उत्तर, पूर्व दिशामा चारवटा प्रवेशद्वार हुन्छन् । यी ढोकाहरूमध्ये तीनवटाबाट पुण्यात्मा र दक्षिणबाट पापीहरूलाई प्रवेश गराइन्छ । दक्षिणतर्फबाट प्रवेश गर्ने पापीहरूलाई धेरै कष्ट हुने गर्दछ। वैतरणीजस्तो साह्रै फोहर र घिनलाग्दो खोला तर्नुपर्छ । साथै कुम्भीपाक, रौरव आदि नरक पनि दक्षिण दिशामा नै रहेका छन् । यस ढोकाबाट आउनेले यमराजलाई ज्यादै कठोर र भयंकर रूपको देख्दछ । वास्तवमा यमराज ज्यादै नै सौम्य आकृति भएका र शालीन व्यक्तित्वका धनी छन् ।

धर्मराज ईश्वरकै एउटा स्वरूप हुन्, तर भगवत् धर्मलाई बुझ्ने १२ जना महात्माका प्रमुख रूपमा उनलाई मानिएको छ । उनी भगवान्का ठूला भक्त र ईश्वरको रहस्यलाई बुझ्ने एक उच्चस्तरका ज्ञानी पुरुष हुन् । उनले आफ्नो कार्य सम्पादनको सिलसिलामा खटाइने आफ्ना अनगिन्ती दूत र तिनका सहायकहरूलाई भगवत् धर्मको रहस्य बताउने गरेका छन् र कस्तो जीवलाई कुन बाटोबाट ल्याउने गर्नुपर्दछ, कोसँग कस्तो वार्ता गर्नुपर्दछ भन्नेबारे बेलाबखतमा सम्झाइरहने पनि गर्दथे । आफू पनि मन, वचन र कर्मले भगवानुको भक्त थिए अनि आफ्ना काममा सहयोगी दूतहरूलाई पनि यस्तै किसिमका शिक्षाहरू दिने गर्दथे। धर्मराजले दूतलाई सम्झाउँदै भनेका थिए-

क्रमशः

# सुशासन, सामाजिक न्याय र समृद्धिको दिशामा ऐतिहासिक फड्को



■ रेखा शर्मा

> नेपालमा केही पनि हुँदैन, भविष्य छैन भन्ने गलत भाष्यलाई खारेज गर्दै सरकारले डेढ वर्षकै छोटो अवधिमा नयाँ पुस्तामा आशा र उत्साह जागृत गर्ने महत्वपूर्ण कार्यको थालनी गरेको छ । यसलाई पुँजीकृत गर्दै आमनागरिकको एकताबद्ध प्रयासमार्फत सुशासन, सामाजिक न्याय र समृद्धिको दिशामा अघि बढ्ने महत्वपूर्ण बाटो खुलेको छ ।

सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालको नेतृत्वमा सरकार गठन भएको डेढ वर्ष पूरा भएको छ । तीन 'स' अर्थात् सुशासन, सामाजिक न्याय र समृद्धिलाई मुख्य सोच बनाएर अघि बढेको सरकारले यी तीनवटै क्षेत्रमा ऐतिहासिक सफलता प्राप्त गरेको छ । सुशासनका पक्षमा सरकारले लिएको दृढता र चालेका कदमका कारण सुशासनको क्षेत्रमा नयाँ युगको थालनी नै भएको छ । त्यसै पनि नेपाली समाज लामो समयदेखि सामन्तवादी सोच चिन्तनबाट ग्रसित रह्यो, त्यसमा पनि शक्तिमा हुनेहरू आमनागरिकभन्दा माथि हुन्छन् भन्ने 'भिआइपी कल्चर' सदियौंदेखि चल्दै आयो । सामन्तवादविरुद्धको ऐतिहासिक लडाइँको नेतृत्व गरेको राजनीतिक शक्तिले सञ्चालन गरेको सरकार हुनुका नाताले पनि हामीले सामन्तवादका बचेखुचेका अवशेष समाप्त पार्न केही गर्नैपर्थ्यो । वर्तमान सरकारले 'गणतन्त्रमा कसैलाई पनि गल्ती गर्ने छुट हुँदैन, गल्ती गरे उन्मुक्ति पाइँदैन' भन्ने जुन तथ्य व्यावहारिकरूपमा नै स्थापित गरेको छ, सुशासनका पक्षमा थालिएको यो कदम युगयुगसम्म पनि स्वर्ण लक्षरले लेखिने छ ।

सुशासन, सामाजिक न्याय र समृद्धि गरी तीनवटै क्षेत्रमा सरकारले ऐतिहासिक पहलकदमी अघि बढाएको छ । नक्कली भुटानी शरणार्थी, ललितानिवास, बाँसबारी छाला कारखाना जग्गालगायतका भ्रष्टाचारसँग जोडिएका हरेक प्रकरणमा सरकार सुशासनको पक्षमा दृढतापूर्वक उभिएको छ । सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, व्यावसायिक र जवाफदेही बनाउँदै भ्रष्टाचारलाई कडाइका साथ नियन्त्रण गर्न आवश्यक नीतिगत, कानुनी तथा संस्थागत सुधारका विषयलाई अघि बढाइएको छ । भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीतिलाई राज्यका तीनै तहमा कडाइका साथ कार्यान्वयन गरिएको छ ।

सुशासनको अर्को पक्ष सेवा प्रवाह हो, यसमा सरकारले अब्बलता नै प्रस्तुत गरेको छ । नागरिकता तथा राष्ट्रिय परिचयपत्र, विद्युतीय राहदानी, जग्गा रजिस्ट्रेसन, श्रम स्वीकृति, सवारी चालक अनुमतिपत्र, नो अब्जेक्सन सर्टिफिकेटलगायतका सेवाका लागि सरल, कम खर्चिलो र झन्झटमुक्त बनाइएको छ । यस्ता सेवाहरू प्राप्त गर्न घण्टौं लाइन बस्नुपर्ने झन्झट र कष्टपूर्ण अवस्थाको अन्त्य भएको छ । निश्चित सार्वजनिक बिदाका दिनमासमेत सेवा प्रवाह हुने व्यवस्था मिलाइएको छ । जनगुनासो सम्बोधन गर्ने प्रभावकारी प्रणालीको आवश्यकता महसुस गरी 'हेल्लो सरकार'को सेवालाई चौबिसै घण्टा सञ्चालनमा ल्याइएको छ ।

इतिहासमै पहिलोपटक दुर्गम क्षेत्रसहित देशभरका सामुदायिक विद्यालयमा अध्ययनरत सबै विद्यार्थीहरूका लागि शैक्षिक सत्र सुरु हुनुअगावै निःशुल्क पाठ्यपुस्तक वितरणको सुनिश्चित गरिएको छ । सरकारी अस्पतालको सेवा र गुणस्तरमा सुधार ल्याइएको छ । अस्पतालहरूमा जनरल शयचा गरिब तथा विपन्न नागरिकका लागि निःशुल्क उपलब्ध गराउने नीति अघि बढाइएको छ । पाठेघरको मुखको क्यान्सर र स्तन क्यान्सरको निःशुल्क उपचारको प्रबन्ध मिलाइएको छ । विदेशमा रहेका १५ लाख नेपालीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिएको छ । राहदानी नवीकरण विदेशबाटै गर्न सकिने तथा प्रदेशबाटै श्रम स्वीकृति लिन सकिने भएको छ । श्रम स्वीकृति दिन दुई वर्षे विद्यमान प्रावधानलाई हटाई कार्य सम्झौताको आधारमा पूरै कार्य अवधिका लागि दिने व्यवस्था गरिएको छ ।

राष्ट्रिय परिचयपत्र विवरण दर्ता गर्न ७७ वटै जिल्लामा ८३० वटा स्टेसन सञ्चालन गरिएको छ । मुलुकमा उपलब्ध जनशक्ति र रोजगारदाताबीचको दूरी घटाई देशभित्र रोजगारीका अवसर वृद्धि गर्ने उद्देश्यले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको संयोजनमा प्रदेश सरकार र निजी क्षेत्रको सक्रिय सहभागितामा सबै प्रदेशमा 'श्रमाधान रोजगार मेला' सम्पन्न गरिएको छ । चालु खर्च २० प्रतिशत कटौती गरी मितव्ययी सरकारको प्रमाण प्रस्तुत गरिएको छ । किसानको हितलाई केन्द्रमा राखी दूधको मूल्य समायोजन गरिएको छ । लामो समयदेखि भुक्तानी हुन नसकेको दूधको भुक्तानी, उखु किसानको भुक्तानी र निर्माण व्यवसायीहरूको भुक्तानी दिइएको छ । सहकारी क्षेत्रका समस्या सम्बोधन गर्न उच्चस्तरीय समिति गठन गरी कार्यप्रारम्भ गरिएको छ । गेटा कलेजलाई मेडिकल विश्वविद्यालय बनाउने निर्णय भई काम सुरू भएको छ ।

प्रधानमन्त्री कार्यालय मातहतका कार्यालय र निकायहरूको गतिशीलता कायम गर्न बैठक, सिनेट, दीक्षान्तलगायतका कामहरू व्यवस्थित गरिएको छ । प्रधानमन्त्री कार्यालयको संगठन तथा व्यवस्थापन सर्भे गरी सोहीअनुरूप कर्मचारी समायोजन गरिएको छ । प्रधानमन्त्री कार्यालय, मन्त्रालयहरू, प्रधानमन्त्रीको सचिवालयलगायत सबै क्षेत्रमा सुशासनको प्रत्याभूति गरिएको छ । भ्रष्टाचार नियन्त्रण र सुशासनको काम आफैंबाट प्रारम्भ गरिएको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट कयौं अनियमिताका विषयमा छानबिन गरिएको छ । केही इन्टरनेट सेवा प्रदायकहरूले एक दशकदेखि नेपाल सरकारलाई तिर्नु बुझाउनुपर्ने रोयल्टी राजस्व प्राप्त नभएका आवश्यक छानबिन गरेर कारबाही प्रक्रिया अघि बढाउँदा तत्कालका लागि राज्यलाई झण्डै पौने चार अर्ब राजस्व प्राप्त हुने बाटो खुलेको छ भने दीर्घकालीनरूपमा यसले राज्यकोषमा अर्बौं रकम आउने बाटो सुरक्षित गरेको छ । नेपाल दूरसञ्चार प्राधिकरणले खरिद गरेको मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस)को कार्यान्वयनमा देखिएका जटिलता र यसको खरिद प्रक्रियामै उठेका प्रश्नको तथ्य पहिचान गर्न मन्त्रालयमा समिति नै बनाएर छानबिन गरिएको छ ।

कानुनी र नीतिगत आधारविना नै नेपाल दूरसञ्चार प्राधिकरणबाट टेरामक्स प्रणाली जडान गर्न खोजेको विषयमा पनि मन्त्रालयले कानुनी र नीतिगत व्यवस्था यकिन गरेर मात्रै प्रक्रिया अघि बढाउन नियामक निकायलाई निर्देशन दिइसकेको छ । दूरसञ्चार सेवा प्रदायक एनसेलको सेयर खरिद बिक्रीका सम्बन्धमा प्रश्न उठेपछि प्रचलित कानुनको परिपालनाको विषय, राजस्व र नेपालमा वैदेशिक लगानीमा पर्नसक्ने असरलगायतका विषयमा उच्चस्तरीय समितिबाटै अध्ययन तथा छानबिन गरी प्रतिवेदन कार्यान्वयन गर्न नियामक निकायमा पठाइसकिएको छ ।

सामाजिक न्यायको क्षेत्रमा सामन्तवादको जीवित अवशेषको रूपमा रहेको मिटरब्याजको अन्त्य गरिएको छ । नागरिकता विधेयक प्रमाणीकरण गरेर हजारौं नागरिकताविहीनलाई नागरिकता प्रदान गरिएको छ भने अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगार श्रमिकलाई पनि सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने प्रक्रिया सुरु भएको छ । दलित एवं उपेक्षित उत्पीडित वर्गका अधिकारलाई सुदृढ गर्न अधिकार सम्पन्न प्राधिकरण गठन गर्ने निर्णय गरिएको छ । नेपाल संवत्लाई सरकारी लिखतमा अनिवार्य गर्ने निर्णय गरी कार्यान्वयनमा ल्याइएको छ । सुशासन र सामाजिक न्यायसँगै समृद्धि पनि वर्तमान सरकारको अर्को पिलर हो । सरकार गठन हुँदै गर्दा जर्जर रहेको देशको आर्थिक अवस्था अहिले वित्तीय क्षेत्रका समस्यालाई नीतिगत तथा कार्यान्वयन तहबाट उचित सम्बोधन गरिएपछि समष्टीगत आर्थिक परिसूचकहरू सकारात्मक हुँदै आएका छन् ।

वित्तीय तथा मौद्रिक नीतिमा खुकुलोपन ल्याई व्यवसायीहरूको हित संरक्षण भएको छ । पर्यटक आगमन बढेको छ, रेमिटयान्स बढेको छ, व्यापार घाटा कम भएको छ । विदेशी मुद्राको सञ्चिति उकालो लागेको छ, जिडिपीमा वृद्धि भएको छ । बैंकको ब्याजदरमा सुधार आएको छ । लघुवित्त र सहकारीका समस्या समाधानको पहल गरिएको छ । राजस्व संकलनमा वृद्धि भएको छ । रोकिएको घरजग्गा कारोबार फुकुवा गरी अर्थतन्त्र चलायमान गराइएको छ । पोखरा र भैरहवाको अन्तर्राष्ट्रिय विमास्थल उद्घाटन गरी सञ्चालनमा ल्याइएको छ । भरतपुर विमानस्थलको स्तरोन्नति गर्ने काम अगाडि बढाइएको छ । विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा विजेता खेलाडीहरूलाई पुरस्कार र प्रोत्साहन गरिएको छ ।

अरूण-३, काठमाडौं नागढुंगा सडकको सुरूङमार्ग, सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय परियोजनालगायतका परियोजनाहरूको 'ब्रेकथ्रु' गरिएको छ । पूर्वाधार निर्माणमा उच्च प्राथमिकता दिइएको छ । भरतपुर रंगशाला, मुलपानी रंगशाला र विराटनगर रंगशालालाई राष्ट्रिय गौरवका आयोजना घोषणागरी निर्माण कार्यमा उच्च प्राथमिकता दिइएको छ । तेस्रो लगानी सम्मेलन भव्यतापूर्वक सम्पन्न गरिएको छ । लगानी सहजीकरणसम्बन्धी ऐन संसद्मा प्रस्तुत भई पारित गरिएको छ । विदेशी अनुदान र सहायतामा सुधार आएको छ । प्रतिबद्धताअनुसार लगानी जुट्दै छ । 'सुशासन, सामाजिक न्याय र समृद्धि'को मुख्य सोचसहित आर्थिक वर्ष २०८१-२०८६ का लागि १६औं योजना तर्जुमा गरिएको छ ।

नेपालको समृद्धिको महत्त्वपूर्ण क्षेत्र ऊर्जा हो । सम्माननीय प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा नेपाल एवं भारतका लगानीकर्ताद्वारा सञ्चालनमा आउने जलविद्युत् आयोजनाबाट आन्तरिक माग पूरा गरी १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने सन्दर्भमा दीर्घकालीन विद्युत् व्यापार सम्झौतामा प्रारम्भिक हस्ताक्षर भएको हुनु र नेपालबाट ४० मेगावाटसम्म विद्युत् बंगलादेश निर्यात गर्ने सहमति हुनुलाई महत्त्वपूर्ण उपलब्धि मान्नुपर्छ ।

सरकार आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरेको बजेटबाट समृद्धिको मोटामोटी कार्ययोजना पेस गर्न सफल भएको छ । आर्थिक सुधारका नीति, योजना र प्राथमिकता निर्धारण गरिएको छ । आर्थिक सुधार र निजी क्षेत्रको प्रवर्धन, कृषि, ऊर्जा, सूचना प्रविधि, पर्यटन प्रविधि, पर्यटन, औद्योगिक विकास तथा पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्यलगायत सामाजिक क्षेत्रको विकास, समावेशिता र सामाजिक सुरक्षा, सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउने सवाललाई सरकारले प्राथमिकतामा राखेको छ । यसका लागि आर्थिक सुधारका रणनीति तय गर्दै सरकारले संरचनात्मक सुधार, नयाँ चरणको आर्थिक सुधार कार्यक्रम, व्यावसायिक वातावरण सुधार, सार्वजनिक वित्त प्रणाली सुधार, वित्तीय क्षेत्रको सुधार र सार्वजनिक प्रशासन सुधारलाई जोड दिएको छ ।

समृद्धिका पाँच रूपान्तरणकारी क्षेत्रको रूपमा सरकारले कृषि क्षेत्रको रूपान्तरण, ऊर्जा क्षेत्रको विकास, सूचना प्रविधिको विकास, पर्यटन प्रवर्द्धन र उद्यमशीलता र औद्योगिक विकासलाई स्थापित गरेको छ । सरकारले कूटनीतिक सन्तुलन कायम गर्दै आफ्ना एजेण्डा विश्वमञ्चमा स्थापित गर्न पनि ऐतिहासिक सफलता प्राप्त गरेको छ ।

नेपालमा केही पनि हुँदैन, भविष्य छैन भन्ने गलत भाष्यलाई खारेज गर्दै सरकारले डेढ वर्षकै छोटो अवधिमा नयाँ पुस्तामा आशा र उत्साह जागृत गर्ने महत्त्वपूर्ण कार्यको थालनी गरेको छ । यसलाई पुँजीकृत गर्दै आमनागरिकको एकताबद्ध प्रयासमार्फत सुशासन, सामाजिक न्याय र समृद्धिको दिशामा अघि बढ्ने महत्त्वपूर्ण बाटो खुलेको छ । *रासस*

***(शर्मा सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं नेपाल सरकारका प्रवक्ता हुन्) ।***

## पत्र-मञ्जुषा

# डामाडोल अर्थतन्त्रमा विकासको नारा !

हरेक वर्ष जेठ १५ गते सरकारको बजेट भाषण आउँछ । आगामी आर्थिक वर्षको बजेट कति ? कति राजस्व उठाउने ? त्यतिबेलै छुट्याइएको हुन्छ । सरकारले आर्थिक वर्ष २०८०/८१ का लागि ल्याएको बजेट कार्यान्वयन गर्न मुस्किल परेपछि बीचमा संशोधन गरियो । तर, संशोधित बजेटको लक्ष्यअनुसार पनि राजस्व उठ्न नसकेको अवस्था छ । नयाँ आर्थिक वर्ष सुरु हुँदै छ । सरकारले आगामी आर्थिक वर्षका लागि बजेट ल्याइसकेको छ । जुन कार्यान्वयन गर्न निकै गाह्रो देखिन्छ । यहाँ पाइला-पाइलामा राजस्व छली हुन्छ । यद्यपि, राजस्व अनुसन्धान विभाग निदाएर बसेको छ ।

महालेखापरीक्षकको कार्यालय आम्दानीभन्दा खर्च बढी भयो, बेरुजु बढ्यो भनेर विवरणमात्र सार्वजनिक गर्छ । महालेखाले सार्वजनिक गरेको प्रतिवेदन दराजमा थन्काउनका लागि जस्तै भएको छ । सामान किनेपछि भ्याट बिल दिनु र लिनु अनिवार्य सर्त हो । तर, व्यापारीहरू बिल नै दिँदैनन् ।

र, राजस्व छल्छन् । वास्तवमा भन्ने हो भने नेपालमा उद्योग, कलकारखाना छैन । उद्योगी त नामका मात्र हुन् । अर्काको देशमा बनेको सामान ल्याउने, नाफा खाएर बेच्ने । वर्षौंदेखि यही क्रम चलिरहेको छ । राज्यलाई यसबाट केही पनि फाइदा छैन । व्यापार व्यवसाय डामाडोल अवस्थामा छ ।

कसैसँग पैसा छैन । व्यापार व्यवसाय नचल्दा कालोसूचीमा पर्नेको संख्या बढेको छ । धेरैले कर्जा लिएर व्यवसाय गरेका छन् । व्यापार नै नचलेपछि कहाँबाट कर्जा तिर्ने ? बैंक तथा वित्तीय संस्थाबाट कालोसूचीमा पर्नेको संख्या निरन्तर उकालो लागिरहेको छ । यता, चेक बाउन्समा पर्नेको संख्या पनि दिनहुँ बढिरहेको छ ।

बजारमा मन्दी झनै गहिरिँदै गएको छ । जसका कारण राज्यको ढुकुटीमा जम्मा हुने राजस्व घटेको छ । सामान्य भाषामा भन्दा सरकारले लक्ष्यको न्यूनमात्र राजस्व उठाउन सकेको छ । सरकारको हेलचेक्र्याइँले यो अवस्था आएको स्पष्ट छ । बैंक तथा वित्तीय संस्थाले उत्पादनमुखी क्षेत्रमा कर्जा लगानी गर्नुपर्थ्यो । विडम्बना, धमाधम घरजग्गा, सेयर र गाडीमा कर्जा लगानी गरियो । २०६८ सालमा प्रधानमन्त्री हुँदा बाबुराम भट्टराईले घरजग्गा, सेयर र गाडीमा बैंक तथा वित्तीय संस्थाले लगानी गर्न नहुने बताएका थिए । यी क्षेत्र पैसा हुने व्यक्तिले राज्यलाई कर तिरेर खेल्ने जुवा भएको भन्दै सचेत गराएका थिए ।

यसले मुलुकलाई ठूलो घाटा हुने भनेर उनले त्यतिबेलै भनेका थिए । तर, उनको कुरा कसैले सुनेनन् । रातारात धनी बन्न धमाधम यी क्षेत्रमा लगानी गर्न थालियो । अहिले त्यसको असर समग्र राष्ट्रले भोग्नुपरेको छ । व्यक्तिले आफूसँग भएको पैसा पनि यसमै हाले, बैंकबाट कर्जा लिएर पनि यही क्षेत्रमा लगानी गरे ।

बैंक तथा वित्तीय संस्थाले उत्पादनमूलक क्षेत्रमा लगानी गरेको भए, राज्यलाई राजस्व आउँथ्यो, उनीहरूको कर्जा लगानी पनि जोखिममा पर्दैनथ्यो । कम्पनीले एक सयमा निकालेको सेयरका लागि चार हजार कर्जा प्रवाह गर्ने बैंक कस्तो ? पाँच हजार रूपैयाँ आना नजाने जग्गा खण्डीकरण गरियो ।

मान्छेको हातमुख जोर्ने ठाउँमा डोजर चलाइयो । अनि, रातारात भाउ बढाइयो । अहिले सबै पैसा गएर घरजग्गामा फ्रिज भएको छ । अब यो कसरी उठाउने ? कौडीमा नबिक्ने फलामलाई नेपालीले लाखौं हालेर किनेका छन् । बैंक तथा वित्तीय संस्थाले आँखा चिम्लेर कर्जा दिँदा गाडीमा लगानी गर्नेहरू बढेका हुन् । अहिले उनीहरूलाई त्यो फलाम 'निल्नु न ओकाल्नु' भएको छ । यी तीन क्षेत्रको अवस्था अहिले नाजुक छ । कारोबार ठप्प छ । राज्यले पहिले नै यी क्षेत्रमा आँखा चिम्लेर लगानी गर्नबाट रोक लगाइदिएको भए, आज सायदै यो अवस्था आउँथ्यो ।

सरकार सञ्चालकहरूले हचुवाको भरमा निर्णय गर्दा आज देश डामाडोल भयो । विदेशी ऋण २४ खर्ब रूपैयाँ पुगिसक्यो । एक जना नेपालीको थाप्लोमा लाखौं रूपैयाँ विदेशी ऋण पुगिसकेको छ । सरकारको ढुकुटीमा पैसा छैन । कहाँबाट ल्याएर दिनु ? अब देशमा विकास होला ? घामजस्तै छर्लंग छ । अझैपनि हामी देश बनाउँछु भन्न त लाज लाग्नुपर्ने हो । अब कसैले विकासको नारा नलगाए पनि हुन्छ ।

- ***अनुसा थापा***, *भक्तपुर*

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**घरमा जान टयुबको साहारा** | कैलालीको भजनी नगरपालिका–३ कृष्णपुर बाढीका कारण डुबान भएपछि नगरपालिकाले निर्माण गरेका उच्च घरमा पुग्न टयुबको सहारा लिँदै सागर चौधरी ।
*तस्बिरः झलनाथ खनाल/रासस*

# पुरानै शैलीमा पुनर्निर्माण हुँदै लमजुङ दरबार

■ **रामबहादुर थापा/जनक श्रेष्ठ**

**गण्डकी-** चौबिसे राज्यका पालाको लमजुङ दरबार पुनर्निर्माण भइरहेको छ । १६औं शताब्दीमा बनेको जिकिर गरिएको उक्त दरबार जीर्ण भएपछि पुरातत्त्व विभागले दुई वर्षअघि पुनर्निर्माण थालेको थियो । विभागका इन्जिनियर गोविन्द अधिकारीका अनुसार दरबार पुनर्निर्माणमा झण्डै ७० प्रतिशत भौतिक प्रगति भएको छ ।

‘स्रोतको कमी भएन भने आगामी आर्थिक वर्षभित्रमा काम पूरा गर्ने लक्ष्य लिइएको छ,’ उनले भने, ‘यो वर्ष बजेट कम भएकाले सोचे जति काम हुन सकेन ।’ गत आवमा एक करोड ३३ लाख रूपैयाँ बजेटबाट पुनर्निर्माण सुरु गरिएकामा चालु आवमा सरकारले जम्मा ५० लाख रूपैयाँ बजेट छुट्ट्याएको थियो । पहिलो वर्ष भक्तपुरको निर्माण कम्पनी ‘एनपिएस’ र यो वर्ष भक्तपुरकै ‘आरजिएस/विष्णु जेभी’ले दरबार पुनर्निर्माणको जिम्मा पाएको हो ।

इन्जिनियर अधिकारीले पुरानै शैली र स्वरूपमा दरबारको पुनर्निर्माण भइरहेको बताए। दरबारसहित ऐतिहासिक कालिका मन्दिरको पुनर्निर्माण पनि सँगसँगै भइरहेको उनको भनाइ छ । दरबार बुइँगलसहित तीनतले र कालिका मन्दिर प्यागोडा (छाने शैली)को बन्नेछ । दरबार बनाउन चाहिने इँटा, काठ, सुर्कीलगायत निर्माण सामग्री भक्तपुरबाट ल्याइएको इन्जिनियर अधिकारीले जानकारी दिए ।

‘परम्परागत वास्तुकला झल्काउने गरी दरबार र मन्दिर पुनर्निर्माणको काम भइरहको छ, पुरातात्त्विक महत्त्वको संरचना भएकाले निर्माण सामग्री पनि महँगो पर्छ, मिहेनत र समय पनि उत्तिकै लाग्छ,’ उनले भने, ‘मौलिक शैली र स्वरूपमा दरबार बन्छ ।’ दोस्रो तलाको गारो र झ्याल-ढोका राख्ने काम भइसकेको उनले बताए ।



उक्त ऐतिहासिक दरबारको संरक्षण योजनाअन्तर्गत पुरातत्त्व विभागले पुनर्निर्माणमा अगुवाइ गरेको हो । गाउँसहर कालिका मन्दिर संरक्षण तथा व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्र बोहोराले यसै आवभित्र दरबार पुनर्निर्माण गरिसक्ने लक्ष्य लिइए पनि बजेटको सीमितताका कारण कामको प्रगति सुस्त देखिएको बताए ।

‘अघिल्लो वर्षको तुलनामा यो वर्ष बजेट झन घटेर आयो, पर्याप्त बजेट आएन भने आउँदो वर्ष पनि दरबार पुनर्निर्माण पूरा हुने देखिन्न,’ उनले भने, ‘पुरातत्त्व विभागले पुनर्निर्माणको काम गरे पनि लमजुङ दरबार कुन सरकारको मातहत रहने भन्ने अन्योल रहँदा ऐतिहासिक महत्त्वको सम्पदा ओझेलमा परेको छ ।’ एतिहासिक धरोहरको रूपमा रहेको दरबार पुनर्निर्माण तथा व्यवस्थापनमा संघ, प्रदेश सरकार र स्थानीय तहले लगानी गर्नुपर्ने उनको भनाइ छ ।

लमजुङको बेँसीसहर गाउँपालिका-३ गाउँसहरमा अवस्थित उक्त दरबार तथा कालिका मन्दिरलाई ऐतिहासिक तथा सांस्कृतिक सम्पदास्थलका रूपमा विकास गर्नुपर्ने आवाज जनस्तरबाट उठ्दै आएको छ । जीर्ण भएर अलपत्र अवस्थामा पुगेको दरबार पुनर्निर्माणले नयाँ आशा जगाएको अध्यक्ष बोहोराले बताए । ‘छिटो पुनर्निर्माण पूरा गर्न सकिएमा दरबारलाई पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न सकिन्छ, यसबाट सिंगै लमजुङ जिल्लाको पहिचान र चिनारी देश विदेशमा फैलिन्छ,’ उनले भने । गाउँसहरका भीमबहादुर गुरुङले पहिले झिंगटीले छाएको दरबार रहेको सुनाए । पछिल्लो समय दरबारको छानो ढुंगाले छाइएको थियो ।

‘बाउबाजेका पालादेखि नै यहाँ दरबार थियो, बडादसैं र चैतेदसैंमा यहाँ विशेष पूजाआजा हुन्छ, टाढाटाढाबाट मानिस दरबार हेर्न गाउँसहर आउँछन्,’ ७० वर्षीय गुरुङले भने, ‘दरबार पुरानो भएर छानो पनि चुहिने भएको थियो, अब नयाँ बन्न लागेको छ, हामी खुसी छौं ।’ वि.सं. १५५० मा राजा यशोबह्म शाहले शासन सुरु गरेको उक्त दरबारमा पुराना तोप, तरबार, भालालगायत सामग्री सुरक्षित छन् ।

दरबार परिसरमा लमजुङ राज्यका पहिलो राजा यशोबह्मको अर्थकदको सालिकसमेत बनाइएको छ । समुद्री सतहदेखि एक हजार ४४५ मिटर उचाइमा रहेको उक्त दरबारमा सदरमुकाम बेँसीसहरदेखि ३० मिनेटको मोटर यात्रामा पुगिन्छ। पर्यटकीय गाउँ काउलेपानीदेखि नजिकै दरबार अवस्थित छ । दरबारले १६ रोपनी क्षेत्रफल ओगटेको व्यवस्थापन समितिका अध्यक्ष बोहोराले जानकारी दिए ।

**यस्तो छ लमजुङ दरबारको इतिहास**

चौबिसे राज्य स्थापना हुने सिलसिलामा वि.सं. १५२४ मा कास्की राज्य स्थापना भएको थियो । कास्कीका राजा कुलमण्डन शाहले आफ्ना माइला छोला कालु शाहलाई लमजुङ राज्य स्थापना गर्न भनी पठाएको डा. राजाराम सुवेदीद्वारा लिखित ‘लजमुङ राज्य’ शीर्षकको आलेखमा उल्लेख छ ।

राज्य स्थापनाका लागि जाने क्रममा घले राजाका सेनाहरूबाट उनी मारिएपछि लमजुङका खाजे दुरा, नारायण दुरा, कुश्माखर घिमिरेलगायत ठकुरी राजा माग्न कास्कीकोट गएको सन्दर्भ उक्त आलेखमा छ । राजा माग्न गएका लमजुङेलाई कास्कीका राजा कुलमण्डनले बेस्सरी हकारेको र आफ्ना कान्छा छोरा यशोबह्मलाई राजा बनाउन लमजुङ खटाएको इतिहासमा उल्लेख छ । कास्कीकोटबाट आएका यशोबह्मले १५५० असार १५ गते लमजुङ राज्यको गद्दी सम्हालेका थिए । राजा यशोबह्मको मृत्युपछि उनका जेठा छोरा नरहरि शाह वि.सं. १५९८ मा लमजुङ राज्यको राजा भए । नरहरिपछि चुडा शाह, अचित शाह, नरेन्द्र शाह, केहरीनारायण शाह, भीम शाह, रीपुमर्दन शाह, वीमर्दन शाह गरी नौ पुस्ताले सो दरबारबाट शासन चलाएका थिए ।

वि.सं. १८३९ कात्तिकसम्म शाह वंशका राजाले लमजुङ दरबारबाट शासन चलाएको इतिहासमा उल्लेख छ । शाह वंश आउनुअघि यहाँ घलेराजाले राजकाज चलाउने गर्दथे । प्राचिनकालबाटै लमजुङ क्षेत्र लिच्छवि शासनअन्तर्गत पर्थ्यो ।

पृथ्वीनाराण शाहले बाइसे चौबिसे राज्यलाई एकीकरण गरी अखण्ड नेपाल विस्तारको अभियान थाले । वि.सं. १८३९ मा पृथ्वीनारायण शाहकी बुहारी राजेन्द्रलक्ष्मी शाहको पालामा लमजुङ नेपाल राज्यमा गाभिएको जानकारहरूको भनाइ छ । *रासस*

# ‘विपद् जोखिम न्यूनीकरणका लागि प्रविधिको प्रयोग जरुरी छ’

**मोरङ (प्रस)-** कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की विपद् जोखिम न्यूनीकरणका लागि प्रविधिको प्रयोग जरूरी रहेको बताएका छन् । त्यसका लागि सम्भावित जोखियुक्त स्थानमा जनताको जीउधन सुरक्षाका लागि तत्काल सूचना सम्प्रेषण गर्न निःशुल्क वाइफाइ जडान गर्न उनले निर्देशन दिए ।

प्रदेश आन्तरिक मामिला मन्त्रालयद्वारा ‘कोशी प्रदेश विपद् व्यवस्थापन पोर्टल’ को सोमबार शुभारम्भ गर्दै उनले विपद् जोखिममा रहेका र जंगली जनावरबाट हुने क्षति रोक्न ती स्थानबाट सहज सूचना दिने उद्देश्यले निःशुल्क वाइफाइ जडान गर्नुपर्ने बताए ।

मुख्यमन्त्री कार्कीले विपद्का समयमा नागरिकले प्राप्त गर्ने र स्थलगतरूपमा दिइने सूचनाले समयमै सुरक्षा गतिविधि अगाडि बढाउन सूचना प्रविधिको सञ्चालन महत्त्वपूर्ण हुने बताए । उनले यसबारेमा नागरिकलाई सु-सूचित गराउनुपर्नेमासमेत जोड दिए । ‘अहिले सूचना नै सुरक्षाका लागि सबैभन्दा सहज माध्यम बन्नसक्छ । तत्काल सूचना पाएमा तत्कालै सतर्कता अपनाउन, राहत तथा उद्धारका काम गर्न सहज हुन्छ । विगतमा कोभिड, बाढीपहिरोजस्ता विपद्का समयमा पनि द्रुतरूपमा उद्धारलगायतका काम गरेका उदाहरण पनि छन् । त्यसैले यसको प्रयोगमा जोड दिनुपर्छ,’ मुख्यमन्त्री कार्कीले भने ।

प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री लीलावल्लभ अधिकारीले विपद्को अवस्थामा साथ र सहयोग पुऱ्याउने सरकार प्रतिबद्ध रहेको बताए । विपद् व्यवस्थापन पोर्टलले प्रदेशमा हुने विपत्तिमा तत्काल काम गर्न र नागरिकलाई सचेत बनाउनसमेत सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे ।

उक्त पोर्टलमा बाढीपहिरो आउने स्थानका नागरिकलाई पूर्वसूचना दिने, नागरिकले आकस्मिक फोन गर्न सक्ने, सुझाव र गुनासा राख्ने, प्रक्रियागत अवस्था, भिडियो सन्देश तथा सम्बोधन, न्युज फिडलगायत सुविधा रहेका पोर्टल निर्माणकर्ता दिवस लामिछानेले जानकारी दिए ।


## कम्पनीको नाम परिवर्तनको सूचना

कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०१/२९ को निर्णयानुसार र बिशेष साधारण सभाको मिति २०७९/१२/२५ को निर्णयबाट साविकको नाम समाज स्कीन एण्ड लेजर प्रा.लि. (प्रा.लि. नं. २१७०७२/०७५/०७६) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी यस कम्पनीको नाम परिवर्तन गरी **नभडर्मा स्किन एण्ड लेजर एस्थेटिक्स प्रा. लि.** कायम भएको हुँदा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा २०७७/१२/१४ मा दर्ता भएको भएको प्रा.लि.नं. २६१३५३ को **ढाइदेबी बालुवा प्रशोधन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CITIZEN CONTRACTING CLEANING AND SERVICES
पूर्व स्वीकृति मिति २०८०/१०/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/२४ | LT. No. 298630 | चलानी नं. ६०२१३६००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 21 | 1000 | ३६,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CITIZEN CONTRACTING CLEANING AND SERVICES
पूर्व स्वीकृति मिति २०८०/०२/२० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/२४ | LT. No. 287123 | चलानी नं. ६०२०२५१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 0 | 1 | 4500 | १६४,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Data Analyzer | 5 | 0 | 2700 | ९८,००० | | | | | | | |
| 3 | Data Entry | 12 | 0 | 2700 | ९८,००० | | | | | | | |
| 4 | Driver | 5 | 0 | 2200 | ७९,८४० | | | | | | | |
| 5 | Foreman | 7 | 0 | 2500 | ९१,५३५ | | | | | | | |
| 6 | General Clean Worker | 1 | 0 | 1000 | ३६,६१५ | | | | | | | |
| 7 | Guard | 1 | 0 | 1800 | ६५,३१५ | | | | | | | |
| 8 | Labour | 30 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 9 | Marketing Representative | 0 | 1 | 4000 | १४५,१६५ | | | | | | | |
| 10 | Receptionist | 1 | 2 | 1700 | ६१,६९५ | | | | | | | |
| 11 | Representative | 2 | 0 | 2500 | ९१,५३५ | | | | | | | |
| 12 | Supervisior | 8 | 0 | 2500 | ९१,५३५ | | | | | | | |

कम्पनी : CITIZEN CONTRACTING CLEANING AND SERVICES
पूर्व स्वीकृति मिति २०८१/०३/२४ | LT. No. 307266 | चलानी नं. ६०२२२०२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 4 | 0 | 2000 | ७३,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dry Clean Worker | 2 | 0 | 1000 | ३६,६१५ | | | | | | | |
| 3 | Foreman | 12 | 0 | 2500 | ९१,५३५ | | | | | | | |
| 4 | General Clean Worker | 24 | 48 | 1000 | ३६,६१५ | | | | | | | |
| 5 | Labour | 12 | 0 | 1000 | ३६,६१५ | | | | | | | |
| 6 | Labour Services | 5 | 0 | 1000 | ३६,६१५ | | | | | | | |
| 7 | Mason | 6 | 0 | 1200 | ४३,९३५ | | | | | | | |
| 8 | Painter | 2 | 0 | 1200 | ४३,९३५ | | | | | | | |
| 9 | Services Employee | 3 | 0 | 1000 | ३६,६१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १ गते (16th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५
JALAJALA RECRUITMENT PVT.LTD
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MEHAN HUMAN RESOURCES COMPANY
पुर्व स्वीकृति मिति २०८०/१०/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/२४ | LT. No. 299091 | चलानी नं. ६०२१४०८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading and Unloading Labor | 100 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ७ गते (22nd July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Cosmo International Overseas Pvt. Ltd. (Overseas Employment Consultants)
Govt. License 280/058/059
P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal
Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn



## ZERO COST RECRUITMENT OPPORTUNITY FOR QATAR !!!
## शुन्य लागत अन्तर्गत कतारमा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: COMPASS CATERING SERVICES WLL.
कम्पनी : कम्पास क्याटरिङ सर्भिसेस डब्लु एलएल.

Pre Approval Date : 2024-07-02 | LT. No. 307034 | चलानी नं. ६०२२१८३३
पूर्व स्वीकृति मिति : २०८१/०३/१८ | एल टि न. ३०७०३४ | Invoice No. 60221833

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 81 | 0 | 1000 | ३६,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

The interview will be conducted in the office on 28 & 29 July, 2024.
अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १३ र १४ गते हुनेछ ।

नोटः आवेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रु.१५०० ।- रोजगारदाताले ब्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer
सेवा शुल्क कस्ले ब्यहोर्ने who will bear the Service Fee | रोजगारदाताले ब्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

VISION & VALUE
श्रम ईजाजत नं. ८२२/०६६/०६७
VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com


# प्रभाव दैनिक





### हिमाल सागर र अस्मिताको स्वरमा 'पिर पऱ्या छ'

गायक हिमाल सागर र गायिका अस्मिता अधिकारीको स्वर रहेको गीत 'पिर पर्या छ' को भिडियो सार्वजनिक भएको छ । गीतमा आर्यन राउतको शब्द, भीम बिसीको संगीत, कुमार रानाको मिक्सिङ तथा मास्टरिङ छ । मारुनी स्टुडियोमा रेकर्ड गरिएको गीतमा सुमन रानाको रेकर्ड, विश्व अधिकारीको एरेन्ज र सन्दिप कार्कीको पार्श्व संगीत छ । गीतको भिडियोमा बिना राउत, आर्यन राउत र अर्जुन भुषाल फिचर्ड छन् ।





## 'चिट्ठी'लाई पिजी सर्टिफिकेट



■ प्रभाव संवाददाता

**काठमाडौं–** एरा प्रोडक्सनको प्रा.लि. को ब्यानरमा निर्माण भएको चलचित्र चिट्ठीको सिंहदरवार स्थित केन्द्रिय चलचित्र जाँच पास समितिको कार्यलयमा सेन्सर भएको छ। केन्द्रिय चलचित्र जाँच समितिबाट चलचित्रले पिजी सर्टिफिकेट पाएको छ। अब यो फिल्म १६ बर्ष मुनिका बालकालिकाले अनिवार्य रूपमा अभिभावकको साथमा मात्र हेर्न पाउने भएका छन् ।

कमेडी, सस्पेन्स तथा थ्रिलर जनरामा बनेको चलचित्रलाई संचारकर्मी समेत रहेकी निर्माता कमला जोशीले निर्माण गरेकी हुन् । माधव राज खरेलको लेखन र निर्देशन रहेको उक्त चलचित्रको प्रदर्शनी मिति भने केही दिन भित्रै सार्वजनिक गर्ने निर्माण पक्षले जानकारी दिएको छ । चलचित्रलाई हेरिसकेपछि राम्रो चलचित्र रहेको प्रतिक्रिया सेन्सर समितिका पदाधिकारीहरूले दिएका छन् ।

चलचित्र चि√ीमा प्रमुख कलाकारका रूपमा सञ्जित भण्डारी, खड्गबहादुर पुनमगर खवपु, गोपाल ढकाल छन्दे, नवराज थापा, मुस्कान लामा, प्रवण भुसाल, कञ्चन चालिसे, नम्रता खरेल पौडेल रहेका छन् भने विशेष भूमिकामा बरिष्ठ कलाकार मोहन निरौला, शान्तिप्रिय, श्रीदेव भट्टराई, रश्मि भट्ट, उद्धव भट्टराई, कृष्ण भट्टराई, डेविलसिंह राजपुत, राजन थापा, पुरुषोत्तम सानु, मुना निरौला, कविन्द्र त्रिपाठी लगायतका कलाकार हरूको अभिनय रहेको छ ।

चलचित्रमा सञ्चारकर्मी सरोज कोईरालाले संगीत भरेका छन् । चलचित्रमा शिव परियार, बेनिशा पौडेल, बसन्त अर्यालको स्वरमा रहेको छ । डा.कृष्णहरि बराल र कमला जोशी गीतकार रहेको चलचित्रमा एउटा शिवताण्डवसमेत रहेको छ, जसको संगीत संयोजन संगीतकार राजेन्द्र बजगाईंले गरेका हुन् ।

जीवन पराजुली एवम् राजन खरेलको छायाङ्कन, किरण दाहालको द्वन्द्व निर्देशन, कृष्ण बहादुर कार्कीको निर्माण व्यवस्थापन, अमृत चापागाईं पोस्टर एवम् साहिल खान प्रोमा डिजाइनरका रहेका छन् । चलचित्रलाई राजेश कुमारले सम्पादन गरेका हुन् भने समिर मियाँको भिएफएक्स रहेको छ । चलचित्रमा पुष्कर खत्रीको ब्याकराउण्ड म्युजिक स्कोर, मनोज परियारको साउण्ड मिक्सिङ तथा अमित श्रेष्ठको फाइभ इन वान साउण्ड मिक्सिङ रहेको छ ।

## सृजनशील श्रृजना



■ सुन्दर पाण्डे

**काठमाडौं–** काठमाडौंको हात्तिगौडामा जन्मि हुर्केकी सृजना अधिकारीको जीवनमा यही बन्छु भन्ने लक्ष्य तय भएकै थिएन। अनायासै उनी नाटक खेल्न पुगिन् । कक्षा आठको परिक्षा दिएर बसिरहेका बेला नाट्यकर्मी पुष्कर गुरुङले सृजनालाई अभिनयको अफर गरे । उनले सृजनामा आफ्नो नाटकका लागि सुहाँउदो बालजीवन देखे । पुष्करले सृजनाकी आमासँग कुरा गरे अनि आमाकै प्रेरणामा सुरु भयो सृजनाको अभिनय यात्रा।

बिदाको समयमा केही समय रिहर्सल गरेर उनले सडक नाटकमा अभिनय गरिन्। सुरु देखि नै निर्देशकको निर्देशनलाई जीवन्त बनाएकी सिर्जनाले प्रत्येक पटकको मञ्चनपछि उनले वाहवाही बटुलिन् । त्यसपछि त एकपछि अर्को नाटक खेल्न उनलाई अफर आउन थाल्यो ।

स्कुलको समयसम्म जसोतसो अभिनय गर्दै आएकी सिर्जनामा एसएलसीपछि भने अभिनयमै रस पसिसकेको थियो, अनि कलाकारितालाई नै लक्ष्य बनाएर अभिनय सिक्न एक्टर स्टुडियो पुगिन् । अनुप बरालसँग अभिनय सिक्दै गर्दा उनले 'कपुरी क' र 'मलामी' नाटकमा अभिनय गरिन्। अभिनय जान्दै नजानी शुरु भएको उनको अभिनय यात्रा अब भने यसको जडसम्म पुगेर अभिनय गर्न सक्ने मोडमा आइपुगेको थियो। 'कपुरी क' र 'मलामी'मा गरेको जीवन्त अभिनयले उनलाई नाट्य क्षेत्रमा चर्चित बनाएको थियो। अभिनयको औपचारिक कक्षासँगै शिक्षा, अनुभव र भोगाईले उनलाई थप निखार्दै लग्यो।

सृजना एकपछि अर्को नाट्कमा ब्यस्त हुँदै आइन् । एउटै नाटकका लागि ३-४ महिना लाग्थ्यो । दुई तिन महिना रिहर्सल अनि एक महिना जति मञ्चन । अझ सडक नाटक वा कुनै परियोजना अर्न्तगत खास उद्देश्य बोकेका नाटक त महिनौंसम्म मञ्चन गर्नुपर्छ । त्यो पनि बिभिन्न स्थानमा पुगेर ।

काठमाडौंमा गुरुकुल थियटर प्रख्यात थियो । गुरुकुल बाहेकका नाट्यकर्मीहरूले बिभिन्न स्थानमा स्पेस भाडामा लिएर नाटकको अभ्यास गर्ने गर्थे। तर, २०६८ को अन्त्यतिर गुरुकुल बन्द भयो। अब भने सबै नाट्यकर्मीले स्पेस भाडामा लिएर रिहर्सल गर्नुपर्ने भयो। त्यही समयमा नाट्य क्षेत्रमा जमिसकेका कलाकार राजन खतिवडा, दयाहाङ राई लगायतले मण्डला समूह गठन गर्ने भएछन् । उनीहरूले सृजनालाई पनि मण्डला थियटरमा आवद्ध हुन आग्रह गरे । नाटकघर खोल्ने दृढ संकल्पसहित सृजना पनि मण्डला नाटक समूहमा आवद्ध भइन।

मण्डला नाटकघर निर्माणको तयारी चल्दै गर्दा सृजनाले 'घुम्रिएको कपाल'मा काम गरिन् । करिब एक वर्षसम्म यो नाटक नेपालका बिभिन्न जिल्लाहरू मञ्चन गरियो । यही बिचमा उनलाई सर्वनाम थियटरको ओपनिङका लागि नाटक 'ओ स्टार दुनियाँ'मा काम गर्ने अवसर मिल्यो ।

बि.सं. २०६९ सालमा मण्डला नाटकघर सुरु भयो । मण्डला समूहका कलाकारहरूले मण्डला थियटरमै मञ्चन हुने नाटकमा काम गर्न थाले । यद्यपी सृजनाको माग त्यो समूह भन्दा बाहिर पनि ज्यादा थियो । यसैले उनी त्यही समूहमा मात्र सिमित रहीनन् । नाटकबाट मात्र सीमित रहेकी सृजना २०७० मा टेलिसिरियल 'शान्ति'मा अभिनय गर्ने मौका पाइन् । ५२ भागसम्म चलेको शान्तिपछि उनी लगातार अभिनयमा व्यस्त हुन थालिन् । उनी अहिले भने नाटकबाट, टेलिसिरियल हुँदै म्युजिक भिडियो र चलचित्र सम्म पुगिन् । सृजनाले आमा, धागो, रिङ्कीबुङ्कको राँगो-२ लगायतका थुप्रै सफल भिडियोमा काम गरेकी छिनभने खाग, रेडमनसुन, श्री ५ अम्बरे, पसिना, सतिदेवी जस्ता फिचर चलचित्रमा अभिनय गरेकी छिन्। त्यस्तै मातृत्व, शुक्रकिट, फूललगायत झण्डै आधा दर्जन छोटा चलचित्रमा पनि काम गरेकी छिन भने लाइफब्याय, एसियन पेण्टस्, बिवाइडी, सर्फ एक्सललगायत २५ भन्दा बढी ब्राण्डको कमर्सियलमा पनि काम गरिसकेकी छिन् ।

झण्डै ३० वटा नाटक, त्यत्तिकै संख्यामा कमर्सियल, केही टेलिसिरियल, छोटा चलचित्र र फिचर चलचित्रमा काम गरिसकेकी सृजनाले सुनकेसरी, मिल्क टि, सलेदो, यारमा, जयमाया आफु मात्र लिखापानी आइपुगिजस्ता चर्चित नाटकमा अभिनय गरेकी छिन्। उनी नाटक प्रस्तुत गर्नकै लागि बङ्गलादेश, भारत, अर्जेन्टिनालगायतका देशमा समेत पुगेकी छिन् । नाट्यकर्मी महासंघको संस्थापक सदस्य र हाल उपाध्यक्ष समेत रहेकी सृजना चलचित्रमा भन्दा नाटकमा काम गर्दा कलाकार बढी संवेदनशिल हुनुपर्ने जिकिर गर्छिन् ।

एउटा कलाकारले कुनै पात्रलाई तब मात्र न्याय गर्न सक्छ जब उसले त्यो पात्रलाई गहिरोसँग बुझेको हुन्छ । सृजना पनि आफुले अभिनय गर्ने हरेक पात्रको गहिराइमा पुग्ने कोसिस गर्छिन् । उनी भन्छिन - 'पात्रको ब्याक स्टोरी, मनोदशा, पारिवारिक तथा सामाजिक सम्बन्ध, भविष्यको लक्ष्य जस्ता कुराहरूले उसको हाउभाउ तथा शैली निर्धारण गर्न सहज हुन्छ ।'

मिल्क टि, सलेदो जस्ता नाटकमा अभिनय सँगै निर्देशनको जिम्मेबारी समेत सम्हालेकी सृजना अभिनयको प्रशिक्षक समेत हुन् । उनले प्रोपब्लिकको संयोजनमा सन् २०१५ देखि २०२२ सम्म चौतारि नाटकमा काम गरिन् । अमेरिकाको प्लेब्याक थियटरसँगको समन्वयनमा चौतारि नाटकले शुरुमा सृजना लगायतको टिमलाई प्रशिक्षण दिन जर्मनबाट आना नामका प्रशिक्षक बोलायो । उनले विभिन्न जिल्लाहरूमा नाटकको प्रशिक्षक भएर समेत काम गरेकी छिन् । पछिल्लो समय अभिनयको क्षेत्रमा विशिष्ठ स्थान बनाउन सफल सृजना २०१७ देखि पुरानोघर थियटर सिनामंगलमा आवद्ध छिन् । सृजनाकै अगुवाइमा यो नाटकघर स्थापना भएको हो ।



## इ-स्पोर्ट्स पदक विजेता पुरस्कृत



■ प्रभाव संवाददाता

**काठमाडौं–** इ-स्पोर्ट्स संघ नेपालको आयोजनामा भएको प्रथम राष्ट्रिय ई स्पोर्ट्स च्याम्पियनसिपका पदक विजेतालाई सोमबार पुरस्कृत गरिएको छ । मोबाइल लिजेन्ड र ई फुटबलका पदक विजेतालाई नगदसहित पुरस्कृत गरिएको हो। राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टंकलाल घिसिङले खेलाडीलाई ट्रफी र नगद प्रदान गरी एक कार्यक्रभमबीच पुरस्कृत गरे ।

मोबाइल लिजेन्डमा शीर्ष ८ स्थान हासिल गर्ने क्रमशः हाइ भोल्टेजले ६० हजार, कोड रेडले ४० हजार, सिक्सटी नाइन गेमिङले ३० हजार, वीरे नुनले २० हजार, मिडनाइट ह्याभक र हेल्लो किटिसले समान १५-१५ हजार तथा मिडनाइट ह्याभक २.० र गुड नाइटले समान १०-१० हजार नगद पुरस्कार पाए ।

ई फुटबलमा पहिलो भएका गौरव पुडासैनीले ४० हजार, दोश्रो भएका सन्देश ओझाले ३० हजार, तेश्रो भएका रोशन शर्माले २० हजार तथा चौथो भएका निखिल हमालले १० हजार नगद पुरस्कार प्राप्त गरे । प्रतियोगिता सुर्खेतमा असार १४ देखि १५ गतेसम्म भएको थियो ।

कार्यक्रममा सदस्य-सचिव घिसिङले ई स्पोर्ट्स संघलाई जिम्मेवारी दिएको छोटो समयमा प्रतियोगिता आयोजना गर्न सफल भएकोमा बधाइ दिदै ई स्पोर्ट्सलाई अझ व्यवस्थित ढंगले अगाडि बढाएर देशको प्रतिष्ठा अभिबृद्धि गर्ने माध्यम बनाउनु पर्नेमा जोड दिए ।

सदस्य-सचिव घिसिङले ई स्पोर्ट्स समाजको विकास चरणले मागेको खेल भएको बताउदै आजको पुस्ता कुन खेलतर्फ आकर्षित छ भन्ने कुरालाई मध्यनजर गरी त्यही अनुरूप सरकारले लगानी बढाउनु पर्ने आवश्यकता औंल्याए । उनले अन्तर्राष्ट्रिय प्रतियोगितामा खेलाडी सहभागी हुँदा कुनै व्यक्ति विशेष नभइ सिंगो देशको प्रतिनिधित्व सम्झनु पर्ने बताउदै संघलाई आसन्न एसियाली इन्डोर गेम्सको तयारीमा जुट्न निर्देशन दिए ।

राखेपका सदस्य समेत रहेका ई स्पोर्ट्सका अध्यक्ष अञ्जन धमलाले ठूलो चुनौतीका बीच सफलतापूर्वक प्रतियोगिता सम्पन्न गर्न सहयोग गरेकोमा राखेपलाई धन्यवाद दिदै वार्षिक क्यालेन्डरनै तयारी गरी संघ अगाडि बढ्ने प्रतिबद्धता जनाए ।

## अजलको अर्को राष्ट्रिय कीर्तिमान

■ प्रभाव संवाददाता

**काठमाडौं–** अजलकाजी ताम्राकारले प्रथम नेपाल एक्वेटिक्स च्याम्पियनसिपमा अर्को राष्ट्रिय कीर्तिमान बनाएका छन् । उनले पुरुष एकसय मिटर बटरफ्लाई स्पर्धामा ५९.१७ सेकेन्डमा निर्धारित दुरी पार गर्दै नयाँ कीर्तिमान बनाएका हुन् । यसअघि यो कीर्तिमान अनुभव सुब्बाको नाममा थियो । अनुभवले २५ औं राष्ट्रिय खुला पौडी प्रतियोगितामा यो कीर्तिमान बनाएका थिए । त्यो प्रतियोगितामा अनुभवले निर्धारित दुरी ५९.७७ सेकेन्डमा पार गरेका थिए ।

यसअघि अजलले जारी प्रतियोगिताको पुरुष ५० मिटर बटरफ्लाई स्पर्धा २५.५२ सेकेन्डमा पुरा गर्दै पहिलो कीर्तिमान स्थापित गरेका थिए । प्रतियोगितामा कुल तीन राष्ट्रिय कीर्तिमान बने । थप एक कीर्तिमान दिवाकर अवाले बनाएका थिए। दिवाकरले भने पुरुष दुई सय मिटर ब्रेस्टस्ट्रोकमा निर्धारित दूरी दुई मिनेट ३०.१५ सेकेन्डमा पूरा गर्दै १३ औं दक्षिण एसियाली खेलकुदमा शुभम् शर्माले बनाएको दुई मिनेट ३१.१५ सेकेन्डको कीर्तिमान तोडेका हुन् ।



कीर्तिमानधारीले प्रत्येक कीर्तिमान वापत पाँच हजार रूपैयाँका दरले नगद पुरस्कार पाए । प्रतियोगितामा एक सय ६६ अंकसहित निसर्ग वाटिका स्कुल टिम च्याम्पियन बन्यो ।

५३ अंकसहित सेन्ट मेरिज दोश्रो र ३६ अंकसहित जेम्स स्कुल तेश्रो भए । विजेतालाई राष्ट्रिय खेलकुद परिषद्की सदस्य अञ्जना श्रेष्ठ, आयोजक नेपाल पौडी संघका अध्यक्ष जगतमान श्रेष्ठ, महासचिव ईश्वर कार्कीलगायतले एक कार्यक्रमबिच पुरस्कृत गरे ।

समापनका अवसरमा भारतको नयाँ दिल्लीमा भएको विमस्टेक युथ वाटर स्पोर्ट्सको दुईसय मिटर ब्याकस्ट्रोकमा कांस्य पदक जितेका तेन्जिङ नाम्डेल रायन गुरुङलाई २५ हजार नगदसहित सम्मान गरिएको जानकारी आयोजक संघका सचिव गंगालाल गोलेले दिए ।

## श्रीलंकाको प्रशिक्षकमा जयसूर्या

**काठमाडौं (एजेन्सी)–** सनथ जयसूर्या श्रीलंका राष्ट्रिय क्रिकेट टिमको अन्तरिम प्रशिक्षक बनेका छन् । श्रीलंका क्रिकेट बोर्डले सोमबार जयसूर्यालाई राष्ट्रिय टिमको अन्तरिम प्रशिक्षक बनाएको जानकारी दिएको हो ।



श्रीलंका क्रिकेट टिमको टी-२० विश्वकपमा खराब प्रदर्शनपछि तत्कालिन प्रशिक्षक क्रिस सिल्भरवूडले राजीनामा दिएपछि प्रशिक्षक पद खालि थियो। अब जयसूर्याले भारतविरुद्धको घरेलु सिरिज र सेप्टेम्बरमा हुने ईङल्याण्ड टूरसम्मका लागि प्रशिक्षकको भूमिका निभाउने बोर्डले जानकारी दिएको छ । जयसूर्या श्रीलंकाका सफल क्रिकेटर मध्ये एक हुन् । उनले एकदिवसीय क्रिकेटमा १३ हजारभन्दा बढी रन बनाएका छन् भने ३२३ विकेट समेत लिएका छन् ।

## झापा र भोजपुर फाइनलमा

**खोटाङ (प्रस)–** खोटाङको बुइपामा जारी कोशी प्रदेशस्तरीय महिला फुटबल प्रतियोगिताको फाइनलमा झापा र भोजपुर प्रवेश गरेका छन्। दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१४ बुइपास्थित यलम्बर रङ्गशालामा सम्पन्न सेमिफाइनल खेलमा झापा ताप्लेजुङलाई शून्यका विरुद्ध छ तथा भोजपुर ओखलढुङ्गालाई शून्यका विरुद्ध दुई गोलले पराजित गर्दै फाइनल प्रवेश गरेको हो ।

झापाको जितका लागि जर्सी नं ८ की खेलाडी जेनिफर रानामगर एक्लैले छ गोल गर्न सफल भएको जिल्ला खेलकुद विकास समिति खोटाङका प्रमुख लीलाभक्त केसीले जानकारी दिए ।

यस्तै, भोजपुरको जितका लागि पहिलो हाफको तीन मिनेटमा जर्सी नं ११ की खेलाडी आशिका कार्की र छैटौं मिनेटमा जर्सी नं १५ की खेलाडी सविना तामाङले एक/एक गोल गर्न सफल भएको आयोजकले जनाएको छ ।



म्यानमारको मण्डलेस्थित तौङथामन तालमाथिको यू बेन पुलमा हिँडिरहेका बौद्ध भिक्षु र भिक्षुणीहरू । *तस्बिरः एएफपी*

# जापान र फिलिपिन्सबीच रक्षा सम्झौतामा हस्ताक्षर

**मनिला, फिलिपिन्स-** जापान र फिलिपिन्सले सोमबार क्षेत्रीय पानीमा चीनको बढ्दो दाबीको बीचमा घनिष्ठ सुरक्षा सहयोगका लागि संयुक्त अभ्यासलाई सहज बनाउन द्विपक्षीय रक्षा सम्झौतामा हस्ताक्षर गरेका छन् ।

जापानी विदेशमन्त्री कामिकावा योको र फिलिपिन्सका रक्षासचिव गिल्बर्ट टिओडोरो जुनियरले राष्ट्रपति फर्डिनान्ड आर मार्कोस जुनियरको उपस्थितिमा मलाकान दरबारमा एक समारोहमा पारस्परिक पहुँच सम्झौता (आरएए) मा हस्ताक्षर गरेका हुन् ।

नयाँ रक्षा सम्झौतामा हस्ताक्षर गर्नुअघि राष्ट्रपति मार्कोसले कामिकावा र जापानी रक्षामन्त्री मिनोरु किहारासँग भेटवार्ता गरेका थिए । मार्कोसले उक्त सम्झौतालाई महत्त्वपूर्ण सम्झौता भन्दै कामिकावाले आरएएको हस्ताक्षर दुई देशका लागि द्विपक्षीय सम्बन्धलाई समृद्ध बनाउने ठूलो उपलब्धि



भएको बताए ।

फिलिपिन्स र जापानका सम्बन्धित विधायिकी निकायहरूद्वारा अनुमोदन भएपछि लागू हुने यो सम्झौताले जापान सेल्फ डिफेन्स फोर्स र फिलिपिन्स सेनाबीच एक अर्काको देशमा संयुक्त अभ्यास र विपद् राहत कार्यका लागि कर्मचारी स्थानान्तरणमा प्रतिबन्धहरू कम गर्ने अपेक्षा गरिएको छ ।

गत नोभेम्बरमा जापानी प्रधानमन्त्री फुमियो किशिदा र मार्कोसले वार्ता सुरु गर्न सहमति गरेपछि यो सन्धि भएको हो । फिलिपिन्स समाचार एजेन्सीका अनुसार, फिलिपिन्सले संयुक्त राज्य अमेरिका र अस्ट्रेलियासँग यस्तै रक्षा सम्झौता गरेको छ भने फ्रान्ससँग अर्को रक्षा सम्झौता भइरहेको छ । त्यसैगरी, जापानले अस्ट्रेलिया र बेलायतसँग यस्तो सम्झौता गरेको छ भने अमेरिकासँग 'स्टेट्स अफ फोर्सेज एग्रिमेन्ट' गरेको छ । *रासस⁄एएनआई*

# तलब बढाउन माग गर्दै सामसुङका कर्मचारी तीन दिने हडतालमा

**हवासियोङ, दक्षिण कोरिया-** दक्षिण कोरियाली विशाल प्रविधि कम्पनी सामसुङका कर्मचारीहरूले तलब वृद्धि र अन्य सुविधाको विषयमा सोमबारदेखि तीनदिने आमहडताल सुरु गरेका छन् ।

सियोलबाट एक घण्टा दक्षिणमा रहेको ग्योङगीको ह्वासेओङमा रहेको कम्पनीको फाउण्ड्री र सेमीकन्डक्टर फ्याक्ट्रीबाहिर हजारौं मजदुरहरू बर्षादी र रिबन लगाएर भेला भएका दशौं हजार कर्मचारीहरूको प्रतिनिधित्व गर्ने एक युनियनका प्रमुखले एएफपीलाई बताए ।

सामसुङ इलेक्ट्रोनिक्स विश्वको सबैभन्दा ठूलो मेमोरी चिप निर्माता हो र यसले चिप्सको विश्वव्यापी उत्पादनको महत्त्वपूर्ण हिस्सा ओगटेको छ । सामसुङ व्यवस्थापनले जनवरीदेखि युनियनसँगको वार्तालाई रोकेको छ । दुवै पक्ष मतभेदलाई कम गर्न असफल भएका छन् । फर्मबाट ५.१ प्रतिशत तलब वृद्धि प्रस्ताव अस्वीकार गरिएको छ ।

नेसनल सामसुङ इलेक्ट्रोनिक्स युनियनका प्रमुख सन वू मोकले एएफपीसँग सोमबार




भने, 'आजदेखि हडताल सुरु भएको छ । आजको आमहडताल त सुरुआत मात्र हो ।'

'हामी यहाँ किन छौं भनेर सम्झँदै, कृपया जुलाई १० सम्म काममा नआउनुहोस् र कुनै पनि व्यावसायिक कलहरू रिसिभ नगर्नुहोस्,' उनले कामदारहरूको भीडलाई सम्बोधन गर्दै भने ।


युनियनले कारखाना, उत्पादन र विकास क्षेत्रका करिब पाँच हजार २०० व्यक्ति विरोध प्रदर्शनमा सहभागी भएको जनाएको छ । युनियनका उपाध्यक्ष ली ह्युन कुकले भने, 'के उनीहरूले यसले सामसुङको उत्पादन लाइनलाई असर पार्ने छ भनेर अझै पनि सोचेका छैनन् ?'

करिब ३० हजार सदस्य रहेको युनियनले वार्ताबाट समस्याको समाधान हुन नसकेपछि गत हप्ता तीन दिने आमहड्तालको घोषणा गरेको थियो । श्रमिकहरूले मार्चमा ५.१ प्रतिशत तलब वृद्धिको प्रस्तावलाई अस्वीकार गरेका थिए, युनियनले पहिले वार्षिक बिदामा सुधार र पारदर्शी कार्यसम्पादनमा आधारित बोनससहितका मागहरू राखेको थियो ।

यससम्बन्धमा सामसुङले टिप्पणीका लागि गरिएको अनुरोध अस्वीकार गरेको छ । सेजोङ विश्वविद्यालयका बिजनेस प्रोफेसर किम डे-जोङले एएफपीसँग भने, 'जारी हडताल तीन दिनका लागिमात्र तय गरिएको छ, तर सहभागी सदस्यहरूमा चिप एसेम्बली लाइनमा काम गर्नेहरू पनि सामेल छन् ।'

समस्या जारी रहेमा युनियनले थप हड्ताल गर्न सक्ने भएकाले प्रतिस्पर्धी चिप्स बजारमा प्रभुत्व जमाउने होडबाजीका बीच यसले सामसुङ व्यवस्थापनलाई ठूलो समस्या सिर्जना गर्नसक्छ । *रासस⁄एएफपी*

# चिनियाँ राष्ट्रपति र हंगेरीका प्रधानमन्त्रीबीच भेटवार्ता



**बेइजिङ-** चिनियाँ राष्ट्रपति सी चिनफिङले सोमबार बेइजिङमा हंगेरीका प्रधानमन्त्री भिक्टर ओर्बानसँग भेटवार्ता गरेका छन् । वार्तामा नेताद्वयले युक्रेन संकटबारे विचार आदानप्रदान गरेका छन् ।

हंगेरीका प्रधानमन्त्री ओर्बानले चिनियाँ नेता सीलाई युक्रेन र रूसको हालैको भ्रमणको बारेमा जानकारी दिएको र राष्ट्रपति सीले युक्रेन संकटको राजनीतिक समाधानलाई बढावा दिन ओबानले गरेको प्रयासको प्रशंसा गरेका छन् ।

चीनका राष्ट्रपति सीले प्रारम्भिक युद्धविराम र राजनीतिक समाधान सबै पक्षको हितमा रहेको कुरामा जोड दिँदै युद्ध विस्तार नगर्ने, लडाइँमा वृद्धि नगर्ने र कुनै पनि पक्षले युद्ध रोक्न नचाहेको अवस्थामा यस्ता सिद्धान्त पालना गरेर परिस्थितिलाई शान्त पार्नु प्राथमिकता रहेको बताए ।

उनले अन्तर्राष्ट्रिय समुदायलाई परिस्थिति सिर्जना गर्न र दुई पक्षबीच प्रत्यक्ष संवाद र वार्ताको पुनः प्रारम्भका लागि समर्थन प्रदान गर्न आह्वान गर्दै सबै प्रमुख देशहरूले नकारात्मक उर्जाको सट्टा सकारात्मक ऊर्जा दिएमात्र सकेसम्म चाँडो युद्धविराम हुनसक्ने उल्लेख गरे ।

चीनले आफ्नै तरिकाले शान्ति वार्तालाई सक्रियरूपमा प्रवर्द्धन गर्दै आएको र संकटको शान्तिपूर्ण समाधानका लागि अनुकूल सबै प्रयासहरूलाई प्रोत्साहित र समर्थन गर्दै आएको राष्ट्रपति सीले उल्लेख गरे । चीन र हंगेरीको आधारभूत प्रस्ताव र उनीहरूको प्रयासको दिशा एउटै भएको र चीन-हंगेरी सबै सम्बन्धित पक्षहरू सम्पर्कमा रहन इच्छुक रहेको उनले बताए । *रासस⁄सिन्ह्वा*

# बंलादेशकी प्रधानमन्त्री शेख हसिना चीन भ्रमणमा



**ढाका, बंगलादेश-** बंलादेशकी प्रधानमन्त्री शेख हसिना चिनियाँ प्रधानमन्त्री ली किआङको निमन्त्रणामा चीनको चार दिने राजकीय भ्रमणका लागि सोमबार बेइजिङ पुगेकी छन् ।

हसिनाको चीन भ्रमणले बंगलादेश र चीनबीचको 'रणनीतिक साझेदारी' लाई 'व्यापक रणनीतिक समन्वयात्मक साझेदारी' मा उकास्ने विश्वास गरिएको ढाका ट्रिब्युनले जनाएको छ । चिनियाँ राष्ट्रपति सी चिनफिङले अक्टोबर २०१६ मा बंगलादेशको भ्रमण गरेका थिए । जसमा दुई देशले आफ्नो सम्बन्धलाई 'रणनीतिक साझेदारी' मा स्तरोन्नति गरेका थिए भने शेख हसिनाले अन्तिमपटक जुलाई २०१९ मा बेइजिङ भ्रमण गरेकी थिइन् ।

बंगलादेशको दैनिक समाचारपत्र 'द डेली स्टार'का अनुसार हसिना र उनको टोलीलाई लिएर विमान बंगलादेश एयरलाइन्सको विशेष उडान सोमबार बिहान ११:०५ मा ढाकास्थित हजरत शाहजलाल अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रस्थान गरेको थियो । चीन भ्रमणको क्रममा हसिनाले चिनियाँ राष्ट्रपति सी चिनफिङ र प्रधानमन्त्री ली किआङसँग छुट्टाछुट्टै बैठक गर्ने छिन् भने दुई देशबीच व्यापार, व्यापार र लगानीका अवसरसम्बन्धी शिखर सम्मेलनमा भाग लिने छिन् । ढाका र बेइजिङले २० वटा वा सोभन्दा बढी एमओयूमा हस्ताक्षर गर्ने र दुई पक्षबीचको द्विपक्षीय बैठकपछि केही विकास परियोजनाको उद्घाटन गर्ने सम्भावना रहेको डेली स्टारले जनाएको छ ।

बंगलादेशले लगानी र व्यापार, आर्थिक सहायता र रोहिंग्याहरूलाई उनीहरूको मातृभूमिमा फिर्ता गर्ने क्षेत्रमा चीनको सहयोग माग्ने योजना तय भएको, विदेशमन्त्री हसन महमुदले पत्रकार सम्मेलनमा जानकारी गराए । हसिनाको चीन भ्रमणअघि ढाकामा एक कार्यक्रमलाई सम्बोधन गर्दै अवामी लिगका महासचिव ओबैदुल कादरले भारतलाई बंगलादेशको राजनीतिक मित्र र चीनलाई यसको विकास साझेदारका रूपमा वर्णन गरेका थिए ।

चीनले बंगलदेशको धेरै क्षेत्रहरूको विकासमा महत्त्वपूर्ण योगदान दिएको बताउँदै देशको समग्र प्रगतिको लागि चीनबाट समर्थन स्वीकार नगर्ने कादरलाई उद्धृत गरी द डेली स्टारले उल्लेख गरेको छ । *रासस⁄एएनआई*

# युक्रेनी बाल अस्पतालमा रूसको आक्रमण, २० भन्दा बढी व्यक्तिको मृत्यु



**किएभ, युक्रेन-** रूसी क्षेप्यास्त्र युक्रेनको राजधानीस्थित एक बाल अस्पतालमा ठोक्किएको छ । उक्त आक्रमणबाट २० जनाको मृत्यु भएको छ । त्यसैगरी, मध्य युक्रेनी सहर क्राइभी रिहमा भएको आक्रमणमा १० जनाको मृत्यु भएको र ३१ जना घाइते भएको नगर प्रशासनका प्रमुख ओलेक्ज्यान्डर विल्कुलले बताए ।

केही महिनायता किएभमा भएको यो सबैभन्दा ठूलो बमबारी थियो । युक्रेनी वायु सेनाका अनुसार दिनदहाडै गरिएको आक्रमणमा रूसको सबैभन्दा अत्याधुनिक हतियारमध्ये एक किन्झाल हाइपरसोनिक क्षेप्यास्त्र पनि प्रयोग भएको अधिकारीहरूले बताएका छन् । किन्झाल तीव्र गतिमा अर्थात् ध्वनिको १० गुणा बढी गतिमा उड्ने भएकोले यसलाई रोक्न गाह्रो हुन्छ । विष्फोटका कारण सहरका भवनहरू हल्लिएका थिए ।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रूसले विभिन्न प्रकारका ४० भन्दा बढी क्षेप्यास्त्र प्रहार गरेर अपार्टमेन्ट भवन र सार्वजनिक संरचनामा प्रहार गरेको बताएका छन् । किएभ सहर प्रशासनले केही क्षेत्रमा क्षेप्यास्त्रबाट खसेको भग्नावशेष खसेको र आगो लागेको जनाएको छ । किएभका धेरै इलाकाहरूबाट धुवाँको बाक्लो मुस्लो उठेको थियो ।

युक्रेनको राष्ट्रपति कार्यालयका प्रमुख एन्ड्री यर्मलले सहरका सडकमा धेरै मानिस भेला भइरहेका बेला आक्रमण भएको बताएका छन् । किएभका मेयर भिटाली क्लिट्स्कोले आक्रमणको परिणामबारे आधिकारिक आँकलन भइरहेको बताएका छन् ।

युक्रेनको मध्य निप्रोपेत्रोभ्स्क क्षेत्रमा पनि स्थानीय अधिकारीहरूले विष्फोटको खबर दिएका छन् । युक्रेनलाई गठबन्धनको अटुट समर्थनबारे कसरी आश्वस्त पार्ने र दोस्रो विश्वयुद्धपछिको युरोपको सबैभन्दा ठूलो द्वन्द्वबाट युक्रेन कसरी गुज्रन सक्छ भन्ने आशा जगाउने उद्देश्यका साथ वासिङ्टनमाहुने नेटोको तीनदिने शिखर सम्मेलनको पूर्वसन्ध्यामा यो आक्रमण भएको हो । *रासस⁄एएफपी*

# इन्डोनेसियामा बाढीपहिरोले ११ जनाको मृत्यु

**जकार्ता-** इन्डोनेसियाको गोरोन्टालो प्रान्तको बोन बोलान्गो रिजन्सीमा सुनको खानीमा ठोक्किएको पहिरो र आकस्मिक बाढीबाट प्रभावित भई मृत्यु हुनेको संख्या ११ पुग्नुका साथै १७ जना बेपत्ता भएको विपद् व्यवस्थापन निकाय एक वरिष्ठ अधिकारीले सोमबार बताएका छन् ।

भारी वर्षाले शनिबार मध्यरातमा रिजेन्सीमा अवस्थित खानीमा पहिरो तथा आकस्मिक बाढी निम्त्याएकाले खनिक शिविरहरूमा ठोक्किँदा तिनीहरूलाई बगाएको क्षेत्रीय विपद् व्यवस्थापन निकायको परिचालन एकाइका प्रमुख अच्रिल बेबिओंगोले बताए । यस अभियानमा स्थानीय खोजी तथा उद्धार विभागका करिब १८० जना कर्मचारी, सैनिक, प्रहरी र विपद् एजेन्सीका कर्मचारीहरू संलग्न रहेको बेबिओंगोलको भनाइ छ ।

गोरोन्टालो खोजी र उद्धार टोलीका प्रमुख हेरियान्तोले सोमबार खननस्थलको दुर्गम स्थान र चुनौतीपूर्ण सडक अवस्थाले खोजी प्रयासमा बाधा पुऱ्याएको बताउँदै भाँचिएका पुलहरूका कारण सवारी साधनहरूद्वारा दुर्गम थिए र पैदल यात्रा आवश्यक भएको बताए ।

क्षेत्रीय विपद् व्यवस्थापन एजेन्सील पाँच उपक्षेत्रका २८८ घरहरू प्रभावित भएको र मुख्यतया माटो र भग्नावशेषले भरिएको जनाएको छ भने प्रकोपबाट कम्तीमा एक हजार २९ जना प्रभावित भएका छन् । *रासस⁄सिन्ह्वा*

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८⁄९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४५४०० | प्रति तोला - १४४७०० | प्रति तोला - १८९० |



**जुम्लाको मार्सीधान** जुम्लाको तातोपानी गाउँपालिका-४ स्थित फाँटमा स्थानीयले खेती गरेको मार्सीधानको हरियाली ।

*तस्विरः विजय रावत/रासस*

## 'आशा जगाउने मौद्रिक नीतिको तयारी'

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकको अर्थतन्त्रका देखिएको शिथिलता अन्त्य गर्न वित्त नीति अनुकूल हुने, बजार चलायमान बनाउने र निजी क्षेत्रको आत्मविश्वास जगाउनेगरी आगामी आर्थिक वर्षको मौद्रिक नीति ल्याउने तयारी भइरहेको नेपाल राष्ट्र बैंकले जनाएको छ ।

आगामी आवको मौद्रिक नीतिका सम्बन्धमा प्रतिनिधिसभाअन्तर्गतको अर्थसमितिमा भएको छलफलका क्रममा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले सरकारले अवलम्बन गरेको वित्त नीतिलाई सहयोग पुग्ने र बजारको मनोबल बढाउनेगरी मौद्रिक नीति आउने बताए ।

'सरकारले आगामी आर्थिक वर्षको बजेटमा राखेको छ प्रतिशतको आर्थिक वृद्धिदर र पाँच दशमलव पाँच प्रतिशतको वाञ्छित सीमाभित्रको मौद्रिक नीतिको लक्ष्यलाई सहयोग पुर्‍याउनेगरी मौद्रिक नीति ल्याउने तयारीमा जुटेका छौँ', गभर्नर अधिकारीले भने, 'अहिले व्यावसायिक मनोबल घटेको छ । यसलाई उकास्न र सकारात्मक नतिजाका लागि केही सुधारात्मक काम गर्नुपर्नेछ ।'

मुलुकको समग्र वित्तीय अवस्थाबारे समितिलाई जानकारी दिँदै गभर्नर अधिकारीले पछिल्लो समय निर्माण क्षेत्र र औद्योगिक क्षेत्रको वृद्धिदरमा संकूचन देखिएको बताए । 'निर्माण र औद्योगिक क्षेत्रको वृद्धिदर नकारात्मक छ । निर्माण क्षेत्रबाट परेको बहुआयामिक असर व्यवस्थापन गर्नु चुनौती औद्योगिक र मौद्रिक नीतिका आफ्नै सीमा छन्', उनले भने, 'निर्माण व्यवसायीले सरकारबाट भुक्तानी नपाएको भनिरहेका छन् । यो नीतिले हेर्नसक्ने विषय होइन । कालोसूचीमा पर्ने विषय पनि सँगसँगै आइरहेकाले यस समस्या समाधानका लागि गृहकार्य गरिरहेका छौं ।'

कोभिड-१९ महामारीका कारण शिथिल भएको अर्थतन्त्रलाई चलायन बनाउन नसकिएको, ब्याजदर घटिरहेको अवस्थामा कर्जाको माग बढ्न नसकेको, कर्जा विस्तार भएको रकम पनि उत्पादनशील क्षेत्रमा जान नसकेको लगायत समस्या अहिले आर्थिक र वित्तीय क्षेत्रमा रहेको गभर्नर अधिकारीले उल्लेख गरे । आगामी आर्थिक वर्षको मौद्रिक नीतिका लागि सरोकार भएकासँग छलफल गरिरहेको उनले जानकारी दिए ।

समितिमा अर्थसचिव मधुकुमार मरासिनीले आगामी आवका लागि सरकारले तय गरेको नीति तथा कार्यक्रम र बजेटका योजना कार्यान्वयनमा सहयोग पुग्नेगरी मौद्रिक नीति आउने विश्वास व्यक्त गरे । 'बजेटमा भनेजस्तै छ प्रतिशतको आर्थिक वृद्धि र साढे पाँच प्रतिशतको वाञ्छित सीमाभित्रको मुद्रास्फीतिलाई हेरेर आउनेछ भन्ने अपेक्षा छ', उनले भने, 'हामीसँग भएको पुँजी परिचालनबाट लक्षित आर्थिक वृद्धिदर हासिल गर्नका लागि मौद्रिक नीतिले सहज वातावरण बनाउनुपर्छ ।' पछिल्लो समय बैंकिङ क्षेत्रमा निष्क्रिय कर्जा बढेर तीन दशमलव ९७ प्रतिशत पुगेको जनाउँदै मरासिनीले यसले केही समस्या सिर्जना गरेको भए पनि पाँच प्रतिशतसम्मको निश्क्रिय कर्जालाई व्यवस्थापन गर्न सकिने बताए ।

सरकारले आगामी आर्थिक वर्षलाई आर्थिक सुधारको वर्ष भनेको र नयाँ चरणको आर्थिक सुधारलाई सघाउ पुर्‍याउने गरी मौद्रिक नीति आउनुपर्नेमा उहाँले जोड दिए । सूचना प्रविधि र कृषि क्षेत्रमा लगानी दशक घोषणा भएकाले ती क्षेत्रमा कर्जा विस्तार गर्न सहज हुनेगरी मौद्रिक नीति आउनुपर्ने सुझाव पनि अर्थसचिव मरासिनीले दिए । अहिलेको समसामयिक आर्थिक विषयलाई सम्बोधन गर्नेगरी र निजी क्षेत्रको मनोबल उकास्नेगरी मौद्रिक नीतिको तयारी गरिनुपर्ने उनको भनाइ छ ।

'निजी क्षेत्रको मनोबल कमजोर भएको छ । बैंकमा प्रशस्तमात्रामा तरलता उपलब्ध हुँदाहुँदै र न्युन ब्याजदरका बाबजुद पनि कर्जा विस्तार हुने सकेको छैन । निजी क्षेत्रको आत्मविश्वास र आशा जगाउनेगरी मौद्रिक नीति ल्याउनु अहिलेको आवश्यकता हो', अर्थसचिव मरासिनीले भने । आगामी आर्थिक वर्ष सोह्रौं आवधिक योजनाको आधार वर्ष भएकाले उक्त आवधिक योजनाले पहिचानगरी मौद्रिक नीति तय गर्नुपर्नेमा उनले जोड दिए । सार्वजनिक खर्च परिचालनमा समस्या देखिएको र यसले अर्थतन्त्रमा बहुआयामिक असर पारेको अर्थसचिव मरासिनीले बताए ।

समितिको बैठकमा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक प्रकाशकुमार श्रेष्ठले मुलुकको बर्तमान आर्थिक तथा वित्तीय अवस्थाबारे जानकारी दिएका थिए । 'मुद्रास्फीति धेरै हदसम्म वाञ्छित सीमाभित्र छ । साढे छ प्रतिशत औसत रहेकामा यस वर्षको औसत साढे पाँच प्रतिशत छ, यसले हामी सहज अवस्थामा छौं भनेर देखाउँछ । बाह्य क्षेत्र अवस्थामा सहज छ । साढे १२ महिनाको वस्तु तथा सेवा आयात गर्न पुग्ने विदेशी मुद्रासञ्चिती रहेको छ । चालुखाता र शोधनान्तर स्थिति बचतमा छ', उनले भने, 'बैंकिङ प्रणालीमा तरलताको अवस्था सन्तोषजनक छ । बैंकमा ब्याजदर घट्दै गएका छन् । नीतिगत दर घटेकाले कर्जा सरल र सस्तो छ ।'

विश्व आर्थिक वृद्धिदर अझै शिथिल रहेको, विकसित मुलुकको मुद्रास्फीतिदर लक्ष्यको नजिक भए पनि उदीयमान र विकासोन्मुख मुलुकको मुद्रास्फीतिदर वाञ्छित सीमाभन्दा माथि रहेको, अधिकांश केन्द्रीय बैंकले ब्याजदर अझै माथिल्लोस्तरमा राखेको, चालु आर्थिक वर्ष आर्थिक वृद्धिदरमा केही सुधार हुने संकेत देखिएकोलगायत विवरण श्रेष्ठले प्रस्तुत गरेका थिए ।

## सहकारीका समस्या समाधान गर्न पाँचबुँदे सुझाव

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल राष्ट्र बैंकले समस्याग्रस्त सहकारीका समस्या समाधान गर्न पाँचबुँदे सुझाव प्रस्तुत गरेको छ । सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा गठित संसदीय छानबिन विशेष समितिको बैठकमा गभर्नर महाप्रसाद अधिकारीले पाँच बुँदाका आधारमा अघि बढे सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्न सकिने बताएको बैठकपछि समितिका सभापति सूर्यबहादुर थापाले सञ्चारकर्मीलाई जानकारी दिए ।

गभर्नर अधिकारीले तीन चरणमा बचत फिर्ता गर्न सकिने योजना प्रस्तुत गरेका थिए । उनले पहिलो चरणमा रु एक लाखसम्म, दोस्रो चरणमा रु पाँच लाखसम्म र तेस्रो चरणमा रु पाँच लाखभन्दा बढी बचत हुने बचतकर्ताका रकम फिर्ता गर्न सकिने सुझाव दिए ।

समस्या समाधान गर्न 'डेडिकेटेड' समूह बनाउने, समस्याग्रस्त बैंकका समस्या समाधान गर्दा अपनाइएका तरिकाका आधारमा अघि बढ्न सकिने प्रस्ताव पनि राष्ट्र बैंकले अघि सारेको छ । भूगोलको सीमा नराखी कारोबार गरेका सहकारीका विषयमा आवश्यक व्यवस्था गर्नुपर्ने गभर्नर अधिकारीको सुझाव थियो ।

सहकारीलाई नियमन गर्ने निकायको स्थापना गरिनुपर्ने, सहकारी स्वनियममा चल्छन् भनी छोड्न नहुने, ऋणीका बारेमा सहकारीलाई कुनै जानकारी नहुने गरेकाले त्यो समस्या समाधानको उपया विषय निश्चित गर्न पनि विज्ञले सुझाएका छन् ।

बैठकमा कर्जा सूचना केन्द्रका प्रमुख कार्यकारी अधिकृत अनिलचन्द्र अधिकारीले विद्यमान स्थितिमा एउटै केन्द्रले काम गर्न सकिने उल्लेख गर्दै यसका लागि आवश्यक कानुनी व्यवस्था मिलाउनुपर्नेमा जोड दिए । कर्जा सूचना केन्द्रमा एकीकृत सूचना प्रणालीको व्यवस्था गरिनुपर्ने पनि उनको सुझाव थियो ।

## ग्लोबल आइएमई र नास-आइटीबीच सम्झौता




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेड र नेपाल एसोसियसन अफ सफ्टवेयर एन्ड आईटी सर्भिसेस (नास-आईटी) बिच दिगो साझेदारीसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ ।

सम्झौतामा बैंकको नायव प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेल तथा नास-आईटीका अध्यक्ष रिचन श्रेष्ठको उपस्थितिमा बैंकको तर्फबाट प्रमुख बजार अधिकृत दिलिप पोखरेल र नास-आईटीको तर्फबाट संस्थाका कोषाध्यक्ष अभय पौडेलले हस्ताक्षर गरेका छन् ।

नेपाल सरकारले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/८२ को बजेटमा आगामी वर्षलाई सूचना प्रविधि दशकको प्रस्थान वर्षको रूपमा मनाउने गरी यस क्षेत्रलाई प्राथमिकतामा राखेको छ ।

राज्यको प्राथमिकतामा रहेको यस क्षेत्र अर्थतन्त्रको सम्वाहकको रूपमा रहेको र ग्लोबल आइएमई बैंक पनि सदैव राज्य प्रति उत्तदायी सस्थाको रूपमा रहेकोले यो सम्झौता अघि बढेको जानकारी गराउदै ग्लोबल आइएमई बैंकका नायव प्रमुख कार्यकारी अधिकृत पोखरेलले बैंकले सूचना प्रविधिको क्षेत्रमा गरेको लगानी र प्रयोगहरूको बारेमा समेत बताए । यो सम्झौता नेपालमा सूचना प्रविधिको विकास, विस्तार र व्यवसायीकरणमा कोसेढुङ्गा सावित हुने कुरा पोखरेलले उल्लेख गरे ।

७७ जिल्लाको ३५४ वटा शाखा कार्यालयहरूबाट भौतिक रूपमा बैंकिङ्ग सुविधा प्रदान गरिरहेको ग्लोबल आइएमई बैंकले आफ्नो मोबाईल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग, डिजिटल यूनिभर्स जस्ता प्लाटफर्मले थप पहुँच विस्तार गरेको छ ।

## 'विदेशी लगानीका आयोजनामा स्वदेशी बैंकले लगानी गर्नु हुँदैन'

■ प्रभाव संवाददाता

**काठमाडौं–** विदेशी लगानीका जलविद्युत् आयोजनामा स्वदेशी बैंकले लगानी गर्दा स्वदेशी परियोजना मर्कामा परेका सरोकार भएकाहरूले बताएका छन् । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले नेपाल पूर्वाधार पत्रकार समाज (सिज)सँगको सहकार्यमा आयोजित कार्यक्रममा इप्पान अध्यक्ष गणेश कार्कीले विदेशी लगानीका आयोजनामा नेपालका बैंकले लगानी गर्दा स्वदेशी आयोजना समस्यामा परेको दाबी गरे ।

उनले विदेशी परियोजनामा पुँजी पनि विदेशबाटै ल्याउनुपर्ने धारणा राखे । 'बैंकहरूले निश्चित सीमामा रहेर ऊर्जा क्षेत्रका परियोजनामा लगानी गरेका हुन्छन्, यस्तोमा त्यो लगानी विदेशी लगानीका आयोजनामा जाने हो भने निजी क्षेत्रका परियोजनाले कर्जा नै नपाउने अवस्था रहन्छ । त्यसैले विदेशी लगानीमा निर्माण हुने आयोजनामा पुँजी पनि विदेशबाट ल्याउनुपर्छ', अध्यक्ष कार्कीले भने ।

नेपाल विद्युत् प्राधिकरणका निर्देशक केदारराज सिल्वालले जलविद्युत् आयोजना निर्माणसँगै प्रसारण लाइन पनि निर्माण जरुरी रहेको बताए । उनले हाल कूल १२ हजार चार सय ४६ मेगाभोल्ट एम्पायर ऊर्जा बहन क्षमताको प्रसारण लाइन निर्माण भइसकेको उल्लेख गर्दै सन् २०३० मा सो क्षमता ३५ हजार छ सय ७५ मेगाभोल्ट एम्पायर पुग्ने गरी प्रसारण लाइन निर्माण भइसक्ने जानकारी दिए । इप्पानका उपमहासचिव प्रकाश दुलालले संविधानमै जलविद्युत् आयोजनाको क्षेत्राधिकार कुन तहसम्म हुने भन्ने स्पष्ट नभएको धारणा राखे । उनले प्रस्तावित विद्युत् विधेयक निजी क्षेत्र मैत्री नभएको भन्दै विभिन्न बुँदामा संशोधन आवश्यक भएको उल्लेख गरे ।

उपमहासचिव दुलालले उक्त मस्यौदामा सरकारी आयोजनाले प्रतिस्पर्धा गर्न नपर्ने र निजी लगानीका आयोजनालाई मात्रै प्रतिस्पर्धा गर्नुपर्ने व्यवस्था निजी लगानीमैत्री नभएको बताए । बिजुली सस्तो बनाएर रोजगारी सृजना गर्नुपर्नेमा महङ्गो बनाएर राजस्व संकलन गर्ने सरकारको नीति सही नभएको उनको जिकिर थियो । इन्जिनियर मणिराज दाहालले नेपालमा जलविद्युत् आयोजनाको सम्भावना, लगत र प्राविधिक विषयमा चर्चा गरे । उनले नेपालको भौगोलिक अवस्थामा जलविद्युत् परियोजनाको सम्भावनाबारे समेत धारणा राखेका थिए ।

इप्पान कार्यसमिति सदस्य सुमन जोशीले सरकारले २८ हजार मेगावाट विद्युत् उत्पादन गर्न सकिने योजना अघि सारेको भन्दै त्यसका लागि रु ६० खर्बभन्दा बढी लगानी आवश्यक भएको बताए । उनले हाल बैंक तथा वित्तीय संस्थाले ऊर्जा क्षेत्रमा रु तीन खर्ब ५१ अर्ब लगानी गरेको र यो कूल कर्जाको सात दशमलव एक प्रतिशतमात्र भएकाले लगानी बढाउन आवश्यक रहेको धारणा राखे । जोशीका अनुसार बैंक तथा वित्तीय संस्थाले गरेको कर्जाको प्रतिबद्धता भने रु पाँच खर्ब ३६ अर्ब छ । निजी क्षेत्रले ऊर्जा क्षेत्रमा लगानी गर्ने होभने विदेशी लगानीका आयोजनामा स्वदेशी बैंकले लगानी गर्न नहुने जोशीको भनाइ छ ।


**सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरूमा हार्दिक अनुरोध**

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित प्रभाव राष्ट्रिय दैनिकसँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूलाई आव ०८०/०८१ को बक्यौता रकम २०८१ असार २५ गतेभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता एजेन्सीहरु सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने कामना व्यक्त गर्दछौं ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं, नेपाल
फोनः ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com



अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रणः** एक्प्रेस कलर प्रेस, **कार्यालयः** काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागिः**arketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशकः** कृष्ण कार्की, **सम्पादकः** विष्णु तामाङ